मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ • अंक १७१ • २०८० साल वैशाख २० गते बुधवार • Wednesday 3, May. 2023 • पृष्ठ ८ • मूल्य रु. ५/-

# एसिसी मेन्स प्रिमियर कपमाथि नेपालको कब्जा

मधेशदृष्टि
**जनकपुरधाम, १९ वैशाख।**
नेपालले आफ्नो अपराजित यात्रा कायम राख्दै एसिसी मेन्स प्रिमियर कपको उपाधिमा कब्जा जमाएको छ। योसँगै नेपाल एसिया कपमा छनोट भएको छ।

मंगलबार सम्पन्न एसिसी मेन्स प्रिमियर कपको फाइनलमा युनाइटड अरब इमिरेटस् (युएइ)लाई सात विकेटले पराजित गर्दै नेपालले आगामी सेप्टेम्बरमा हुने एसिया कपमा स्थान पक्का गरेको हो।

नेपालले एसिया कपमा समूह 'ए'मा रहेका भारत र पाकिस्तानसँग खेल्नेछ। एसिया कपको समूह 'बी' मा अफगानिस्तान, श्रीलङ्का र बङ्गलादेश छन्। कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालयको खेल मैदानमा १ सय १८ रनको लक्ष्य पछ्याएको नेपालको सुरुआत खराब रह्यो। नेपालले आठ ओभर खेल्दा सुरुआती तीन विकेट गुमाएको थियो। ओपनर कुशल भुर्तेल एक, आशिफ शेख आठ तथा कप्तान रोहितकुमार पौडेल मात्र एक रनमा आउट भएपछि नेपाल दबाबमा परेको थियो।




सङ्कटमा परेको नेपालको पारी गुलसन झा र भीम सार्कीले उकासे। दुवै जनाबीच ९६ रनको साझेदारी रह्यो। झाले ६७ र सार्कीले ३६ रनको योगदान दिए। झाले ८४ बल खेल्दै छ छक्का र तीन चौका प्रहार गरे। यस्तै, सार्कीले ७१ बल खेल्ने क्रममा चार चौका हाने। बलिङतर्फ युएइका लागि रोहन मुस्तफाले दुई तथा आयान अफ्जल खानले एक विकेट लिए।

यसअघि सोमबार टस हारेर पहिला ब्याटिङ गरेको युएइले सबै विकेट गुमाउँदै १ सय १७ रन बनाएको थियो। उसका लागि आसिफ खानले ५४ बलमा सात चौका र एक छक्काको सहयोगमा ४६ रन बनाएका थिए। ओपनर आर्यान लाक्राले २८ बलमा १३ रन बनाए। नेपालका लागि ललितनारायण राजवंशीले चार विकेट लिए। त्यस्तै, करण केसी र सन्दीप लामिछानेले समान दुई-दुई तथा गुलसन झा र सोमपाल कामीले समान एक-एक विकेट लिए। नेपाल युएइलाई पराजित गरेर पहिलोपटक एसिया कप खेल्ने लक्ष्यमा पुगेको हो।

सोमबार युएईले २७ दशमलव ३ ओभरमा नौ विकेटको क्षतिमा १ सय ६ रन बनाउँदा वर्षाका कारण खेल स्थगित भएको थियो। फाइनल खेलका लागि रिजर्भ डे राखिएकाले सोमबारको खेलको निरन्तरता मंगलबार भएको थियो।

### बधाईको ओइरो

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले एसिसी मेन्स प्रिमियर कप क्रिकेट प्रतियोगिताको विजेता टोली नेपाललाई बधाई ज्ञापन गरेका छन्। प्रधानमन्त्री दाहालले खेलाडीको योगदानप्रति उच्च सम्मानसहित सरकारका तर्फबाट थप प्रोत्साहन र पुरस्कृत गर्ने प्रतिवद्धतासमेत व्यक्त गरे। प्रधानमन्त्री खेलाडीहरुलाई शुभकामना दिँदै भने, 'एसिसी मेन्स प्रिमियर कप क्रिकेटमा विजेता नेपाली टोलीलाई हार्दिक बधाई ज्ञापन गर्दै खेलाडीहरूको योगदानप्रति उच्च सम्मानसहित सरकारका तर्फबाट थप प्रोत्साहन र पुरस्कृत गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।'



प्रधानमन्त्री 'प्रचण्ड'को निर्देशनबमोजिमउपप्रधान मन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का खेलाडीलाई हौसला बढाउन खेल मैदान पुगेका थिए। साथै, जितपश्चात् उनले सम्पूर्ण खेलाडीलाई बधाई दिँदै जितको खुसी साटासाट गरे। त्यसैगरी, सभामुख देवराज घिमिरेले नेपाल एसिसी मेन्स प्रिमियर कप क्रिकेटमा जित्दै एसिया कपमा छनोट भएकामा बधाई तथा शुभकामना ज्ञापन गरेका छन्। सभामुख घिमिरले मंगलबार शुभकामना दिँदै खेलको अभूतपूर्व जितले नेपाल र नेपालीको शिर उचो बनाएकोप्रति खुसी व्यक्त गर्दै नेपाली क्रिकेटको व्यवसायिकीकरणमा थप सहयोग गर्ने विश्वास व्यक्त गरे।

'नेपाल एसिसी मेन्स प्रिमियर कप क्रिकेट जित्दै एसिया कपमा छनोट भएकामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु,' सभामुख घिमिरेले जारी गरेको शुभकामनामा भनिएको छ, 'अभूतपूर्व जितले नेपाल र नेपालीको शिर उचो बनाएको छ भने नेपाली क्रिकेटको व्यवसायिकीकरणमा थप सहयोग हुने विश्वास लिएको छु, खेलाडीलाई राज्यका तर्फबाट थप सम्मान र सहयोग आवश्यक रहेकोतर्फ ध्यानाकर्षण गराउँदछु।'

त्यस्तै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिताको उपाधि विजेता नेपाली खेलाडीलाई बधाई ज्ञापन गरेका छन्। उनले नेपाली क्रिकेट टोलीसहित सम्पूर्ण नेपालीलाई बधाई ज्ञापन गरेका छन्।

यता, एसिसी प्रिमियर कप क्रिकेटको उपविजेता बनेको युएइले नेपाली क्रिकेट टिमलाई बधाई दिएको छ। फाइनल खेलमा नेपालसँग पराजित भएपछि एसिया कप खेल्नबाट वञ्चित भएको युएइले नेपाल एसिया कपमा छनोट भएकोमा बधाई दिएको हो। फाइनलमा नेपालसँग ७ विकेटले पराजित भए पनि युएइको क्रिकेट बोर्डले ट्विट गर्दै लेखेको छ, 'बधाई नेपाल, एसिसी प्रिमियर कपको फाइनलमा नेपाल ७ विकेटले युएइलाई पराजित गर्दै यसै वर्ष हुने एसिया कपमा छनोट भएको छ।' बोर्डले लेखेको छ, 'हामीलाई हाम्रा खेलाडीले गरेको प्रयासप्रति गर्व छ। हामी फेरि बलियो भएर आउनेछौँ।'

### गुल्सनको गुल्जार

१ सय १८ रनको झिनो लक्ष्य लिएर मैदानमा ओर्लेका नेपालले अपेक्षाकृत सुरुआत गर्न सकेन। युनाइटेड अरब इमिरेट्स (युएइ) विरुद्ध दोस्रो ओभरको दोस्रो बलमै ओपनर कुशल भुर्तेल एक रन बनाएर पवेलियन फर्किए। सातौँ ओभरको पहिलो बलमै अर्को ओपनर आसिफ शेख पनि आठ रन बनाएर आउट भए। लगत्तै कप्तान रोहितकुमार पौडेल पनि एक रनमा आउट भए। आठौँ ओभर सकिँदा नेपालले २२ रन बनाएर तीन विकेट गुमाइसकेको थियो।

यस्तो अवस्थामा विश्वास गरेर तीन नम्बरमै पठाइएका गुल्सन झाले संकटमोचनकै काम गरे। तेस्रो नम्बरमै ब्याटिङ गर्न आएका गुल्सनले त्रिविको चिसो मौसमलाई गुल्जार बनाइदिए। कुशल एलबिडब्लु आउट भएपछि क्रिजमा आएका गुल्सनले अविजित ६७ रन बनाए। उनले ८४ बलमा तीन चौका र ६ छक्का प्रहार गरे। 'यो फाइनल थियो, कोचले माथि खेल्न सक्छौँ भने मंगलबार गर्न सक्छौँ, मैले त्यहीअनुसार आफ्नो रोल पूरा

- बाँकी पृष्ठ २ मा

# सार्वजनिक जग्गा कीर्ते गर्ने कर्मचारीविरुद्ध मुद्दा

*वीरगंज महानगरपालिका वडा नम्बर १७ मा रहेको अलौ तत्कालीन पर्साको अलौ-५ को कित्ता नम्बर ९२ को सार्वजनिक जग्गा व्यक्तिको नाममा स्रेस्ता तयार गरी बिक्रीसमेत गरेको मुद्दामा मालपोत अधिकृत पदमप्रसाद अर्याल र तत्कालीन नायब सुब्बा लेखनाथ भट्टराई अख्तियारको निशानामा परेका हुन्*



मधेशदृष्टि
**वीरगंज, १९ वैशाख।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मालपोत कार्यालय पर्साका तत्कालीन मालपोत अधिकृत पदमप्रसाद अर्याल र तत्कालीन नायब सुब्बा लेखनाथ भट्टराईविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

वीरगंज महानगरपालिका वडा नम्बर १७ अलौको कित्ता नम्बर ९२ को सार्वजनिक जग्गा व्यक्तिको नाममा रजिष्ट्रेशन पास गरेको आरोपमा कसुर ठहर गरी उनीहरुविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको हो। वीरगंज महानगरपालिका वडा नम्बर १७ मा रहेको अलौ तत्कालीन पर्साको अलौ-५ को कित्ता नम्बर ९२ को सार्वजनिक जग्गा व्यक्तिको नाममा स्रेस्ता तयार गरी बिक्रीसमेत गरेको मुद्दामा कर्मचारीद्वय अख्तियारको निशानामा परेका हुन्।

उजुरी परेपछि अनुसन्धान हुँदा मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत अर्याल र तत्कालीन नायब सुब्बा भट्टराईले जिल्ला पर्सा साविक अलौ-५ कित्ता नम्बर ९२ को ऐलानी-सार्वजनिक जग्गा गलत लिखत तयार गरी गलत राजीनामा लिखत पारित गरिदिइ ऐलानी-सार्वजनिक जग्गा कानुन विपरीत भोगचलन हस्तान्तरण गर्ने गैरकानुनी कार्यबाट नेपाल सरकारलाई हानी पुर्‍याएको पाइएको अख्तियारको दाबी छ। अर्याल र लेखनाथ भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही दफा ९ बमोजिम कैद र जरिवाना दाबी गरी विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिए।

यसैगरी, अख्तियारले वीरगंज महानगरपालिका-२ छपकैयाका ज्याउल हक र एसानुल हक राकीले जिल्ला पर्सा साविक अलौ गाविस-५ कित्ता नम्बर ९२ को ऐलानी/सार्वजनिक जग्गामा बनेको घर स्वामित्व खुल्ने कागजात बेगर राजीनामा लिखत पारित गर्ने कार्यमा प्रतिवादी अर्याल र भट्टराईलाई सहयोग गरेको पाइएको अख्तियारको अनुसन्धानमा खुलेको छ। ऐलानी/सार्वजनिक जग्गा अनाधिकृतरुपमा भोगचलन गर्ने मनसायले राजीनामा लिखत पारित गराई लिएको तर घरमात्र राजीनामा लिखत पारित गर्ने कुनै कानुनी व्यवस्था नरहेकोमा कानुन विपरित भोगचलन हस्तान्तरण गर्ने गैरकानुनी कार्यमा राष्ट्रसेवकलाई सहयोग गरी आफूहरुले फाइदा लिइ नेपाल सरकारलाई हानी पुर्‍याएको पुष्टि भएको हुँदा निजहरु ज्याउल हक र एसानुल हक राकीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम गलत लिखत तयार गर्ने कसुरको मतियारको रुपमा कार्य गरेको समेतका आधारमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम कसुर गर्ने व्यक्तिसरह नै सजाय मागदाबी गर्दै मंगलबार विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरिएको प्रवक्ता दाहालले बताए।

# दरबन्दीका डाक्टर नहुँदा अस्पतालको सेवा ठप्प

*फागुन २१ गते भिडियो एक्सरे विभागका कन्सल्टेन्ट रेडियोलोजिस्ट डाक्टर सिंहको सरुवा भएपछि भिडियो एक्सरे र सिटिस्क्यान सेवा पूर्ण ठप्प भएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. प्रकाशप्रसाद साहले जानकारी दिए।*

**विनय कर्ण**
**सप्तरी, १९ वैशाख।**
संविधानको धारा ३५ (१) मा 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्यसेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन' उल्लेख गरिएको छ।




स्वास्थ्य सेवालाई संविधानले मौलिक हकअन्तर्गत राखेको भए पनि राजविराजस्थित गजेन्द्रनाराण सिंह अस्पतालमा उपचार गराउन आउने सेवाग्राही स्वास्थ्य सेवा पाउनबाट वञ्चित भएका छन्। जनशक्ति अभावमा डेढ महिना भन्दा बढी समयदेखि अस्पतालको भिडियो एक्सरे, सिटिस्क्यान, अल्ट्रासाउन्डसहितका सेवा बन्द हुँदा सेवाग्राही स्वास्थ्य सेवा पाउनबाट वञ्चित भएका हुन्। दैनिक अस्पतालमा उपचार गराउने सैयौँ बिरामी सरकारी अस्पतालमा चिकित्सकसँग जाँच गराए पनि महँगो शुल्क तिरेर भिडियो एक्सरे, सिटिस्क्यान,

- बाँकी पृष्ठ २ मा

संध्याकालिन सेवा ५:०० बजे देखि ६:३० बजे सम्म र
शुक्रवार ३:०० बजे देखि ५ :०० बजे सम्म
होलिडे बैकिङ्ग सेवा ११:३० बजे से १ :३० बजे सम्म (विदाको दिन)
बचत तथा मुद्दतीमा सर्वाधिक उच्च व्याज दिने
मधेश प्रदेशको एक मात्र विकास बैंक
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
सम्पर्क नं. ०५१-५३१०३१
Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

# सात अर्ब ऋण निकासा गर्दै मुद्रा कोष

**काठमाडौँ ।** नेपालमा एक्स्टेन्डेड क्रेडिट फेसिलिटी (इसिएफ) मार्फत सहुलियतपूर्ण ऋण परिचालन भएका कार्यक्रमको समीक्षापछि अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले अमेरिकी डलर पाँच करोड २८ लाख (करिब सात अर्ब रुपैयाँ) बराबर ऋण निकासा दिने भएको छ।

आइएमएफले सोमबार जारी गरेको विज्ञप्तिअनुसार कार्यकारी समिति (एक्जुकेटिभ बोर्ड) बैठकले इसिएफअन्तर्गतको ऋण निकासा दिने निर्णय गरेको हो । मुद्रा कोषको टोलीले गत फेब्रुअरी १५ देखि २८ तारिखसम्ममा नेपाल आएर इसिएफअन्तर्गतका कार्यक्रमको कार्यप्रगति समीक्षा गरेको थियो । पहिलो र दोस्रो चरणको समीक्षापछि नेपाललाई थप ऋण




निकासा गर्न लागिएको मुद्रा कोषले जनाएको छ।

विदेशी मुद्रा सञ्चिति घट्दै गएर भुक्तानी सन्तुलन बिग्रिएपछि नेपालले आएमएफमार्फत इसिएफ ऋण सहायता लिने प्रक्रिया थालेको थियो । गत वर्ष अर्थात् सन् २०२२ जनवरी १२ तारिखमा आइएमएफको कार्यकारी समितिले नेपाललाई स्पेसल ड्राइङ राइट (एसडिआर) का रुपमा ३९ करोड ५९ लाख अमेरिकी डलर बराबर इसिएफ उपलब्ध गराउने निर्णय गरेको थियो । आइएमएफबाट इसिएफ सुविधाअन्तर्गत पाइने सहुलियतपूर्ण ऋणको कोटामा नेपालले एक सय ८० प्रतिशतसम्म ऋण लिएको छ । त्यस्तो, सहुलियतपूर्ण ऋणमध्ये अमेरिकी डलर ११ करोड बराबर आइएमएफले गत वर्ष जनवरीमै निकासा दिएको थियो । हाल निकासा दिन लागिएको पाँच करोड २८ लाख अमेरिकी डलर सहुलियतपूर्ण ऋण पनि त्यही सम्झौताअन्तर्गतको अर्को किस्ता हो । नेपालले बजेट फाइनान्सिङका रुपमा प्रयोग गर्न पाउने गरी ३८ महिनाको वित्तीय सहायता प्याकेजका रुपमा आइएमएफले यस्तो सहुलियतपूर्ण ऋण सुविधा नेपाललाई दिएको हो । नेपालले यसअघि सन् २०२० मे महिनामा आइएमएफमार्फत र्‍यापिड क्रेडिट फेसिलिटी (आरसिएफ) का रुपमा अमेरिकी डलर २१ करोड ४० लाख बराबर ऋण लगिसकेको छ । इसिएफमार्फत सहुलियतपूर्ण ऋण परिचालन भएका कार्यक्रमको समीक्षाका क्रममा नेपालको आर्थिक वृद्धिदरमा सङ्कुचन रहेको तथा आन्तरिक र बाह्य क्षेत्र समेतको व्यवस्थापनका लागि चालिएका नीतिगत कदमहरुको प्रभाव अर्थतन्त्र देखिन थालेको आइएमएफले उल्लेख गरेको छ।

कसिलो मौद्रिक नीतिले बाह्य क्षेत्र व्यवस्थापनमा सघाएको र बजेटको अर्धवार्षिक समीक्षाबाट चालिएका सरकारका कदमले अर्थतन्त्रमा आगामी दिनमा देखिनसक्ने चुनौती सम्बोधन गर्न खोजेको पनि आइएफएफले जनाएको छ।

# 'मैथिली र भोजपुरीलाई सरकारी कामकाजको भाषाको मान्यता दिइने'




**मधेशदृष्टि**
**जनकपुरधाम, १९ वैशाख।**

मधेशका अर्थमन्त्री सञ्जय कुमार यादवले मधेश सरकारले छिट्टै मैथिली र भोजपुरीलाई सरकारी कामकाजको भाषाको मान्यता दिने बताएका छन् । नेपालीलाई यसअघि नै आरक्षित गरिए पनि मधेसका मातृभाषालाई उचित सम्मानका लागि हिन्दी, अंग्रेजीलगायत भाषाले यो सम्मान पाउने उनले बताए।

मधेश प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको प्रदेश स्तरीय संवाद कार्यक्रममा अर्थमन्त्री यादवले प्रमुख अतिथिका रुपमा बोल्दै यस्तो बताएका हुन् । विगतमा केन्द्र सरकारले मधेसको भाषा, साहित्य, संस्कृति, कला र अन्य विधाप्रति उदारता न देखाउँदै कमजोर बनाउँदै आएको बताए।

मधेस प्रज्ञा प्रतिष्ठानका अध्यक्ष राम भरोस कपाडी भ्रमरको अध्यक्षतामा नेपालका प्रख्यात भाषाविद् डा. रामावतार यादवले मधेसको भाषा लोपोन्मुख अवस्थामा छ, न बोलिने हो भन्ने हो भने खतरामा हुनु स्वभाविकै हो भनी तर्क गरे । उनले मधेसका प्रमुख मातृभाषाहरूलाई छिट्टै सरकारी कामकाजको भाषाका रूपमा मान्यता दिन मधेस सरकारलाई आग्रह गरे।

मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष राम भरोस कापड़ि भ्रमरले राज्यका सबै मातृभाषाको संरक्षण र प्रवर्द्धनका साथै राज्यका साहित्य, संस्कृति, कला, गीत, संगीत र नाट्य विधाको विकासका लागि प्रतिष्ठानले हरसम्भव प्रयास गर्ने आश्वासन दिए । कार्यक्रममा पाहुनालाई स्वागत गर्ने चलनलाई परिवर्तन गरी रंगमञ्चमा स्वागतका लागि सांस्कृतिक पहिरन र पगडी लगाउने समय आएको उनले जोड दिए।निकट भविष्यमा नेपाल र भारतका ख्यातिप्राप्त इतिहासविद्, भूगोलविद्, संस्कृतिविद्, पुरातत्वविद्, समाजशास्त्रीहरू भेला गराइने र मधेसको इतिहास, संस्कृति, भूगोललगायत विभिन्न विषयमा छलफल गरी अन्तर्राष्ट्रिय स्तरको संवाद कार्यक्रम आयोजना गरिने पनि अध्यक्ष कापडीले जानकारी दिए। प्राप्त हुने त्यस्ता सुझाब र मार्गदर्शन को आधार मा मधेश को इतिहास लेखिने कुरा पनि उनले बताए।

कार्यक्रममा बोल्दै नाट्य कलाकार तथा प्राज्ञ रमेश रञ्जन झाले मधेसका आठ जिल्ला मध्ये मात्र धनुषामा नाटक जीवित रहेको बताए। कार्यक्रमको सुरुमा प्रतिष्ठानका सदस्य दिनेशकुमार यादवले अतिथिहरुलाई स्वागत गरेका थिए । त्यसैगरी प्रमुख अतिथि अर्थमन्त्री यादवले पहिलो त्रैमासिक बुलेटिन प्रज्ञादर्पणको शुभारम्भ गर्दै फाउन्डेसनको वेबसाइटको उद्घाटन गरेका थिए।

कार्यक्रममा मधेस प्रदेश का सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका आठ जिल्लाका भाषा, साहित्य, संस्कृति, कला, गीत, संगीत र नाट्य क्षेत्रका ७० भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको थियो । उक्त अवसरमा प्रतिष्ठानले प्रकाशन गरेको भित्तेपात्रो समेत वितरण गरिएको थियो।

# सूचना प्रविधिको विकासबाट मुलुक समृद्ध:प्रधानमन्त्री

**काठमाडौँ ।** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सञ्चार तथा सूचना प्रविधिको विकास, विस्तार र प्रयोगबाट नै नागरिकको जीवनस्तर उकासी मुलुकलाई समृद्ध बनाउन सकिन्छ भन्नेमा सरकार विश्वस्त रहेको बताएका छन्।

छैटौँ राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसका अवसरमा मंगलबार शुभकामना दिँदै उनले यसको विकास, विस्तार र सुरक्षित प्रयोगलाई सुनिश्चित गर्न आवश्यक पर्ने नीति, ऐन, नियमावलीलगायतका कानुनी व्यवस्थाका लागि सरकारी प्रतिबद्ध रहेको बताए।

सरकारले सूचना प्रविधिको उपयोग गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा रुपान्तरण गर्ने विश्वासका साथ 'डिजिटल नेपाल फ्रेमवर्क, २०७६' कार्यान्वयनमा ल्याएको उल्लेख गर्दै उनले साइबर सुरक्षाको बढ्दो चुनौतीलाई मध्यनजर गर्दै आवश्यक नीति, नियम र संरचना बनाउने कार्यलाई सरकारले प्राथमिकता दिएको बताए।

चाँडै राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गर्न अध्ययनकार्य भइरहेको उहाँको भनाइ छ । उहाँले सरकारी सेवामा सूचना प्रविधिका दक्ष जनशक्ति भित्र्याउन र उपलब्ध जनशक्तिलाई सेवामा टिकाइराख्नका लागि समयसापेक्ष नीतिगत सुधार गर्दै लगिने प्रतिबद्धता व्यक्त गरेका छन् । दूरसञ्चार सेवालाई गुणस्तरीय


प्रधानमन्त्री
काठमाडौं, नेपाल
शुभकामना
१९ वैशाख, २०८०
पुष्पकमल दाहाल 'प्रचण्ड'
प्रधानमन्त्री
© RSS

बनाउनका लागि सबै जिल्लामा फोरजी सेवालाई प्रभावकारी बनाउँदै लगिएको जनाउँदै प्रधानमन्त्री दाहालले अप्टिकल फाइबरको विस्तारमार्फत उच्च गतिको इन्टरनेट सेवा विस्तार गर्ने कार्यलाई द्रुतगतिमा अघि बढाइएको बताएका छन् । आगामी आर्थिक वर्षभित्र सबै स्थानीय तहमा उच्च गतिको इन्टरनेट पुर्‍याउने सरकारको लक्ष्य रहेको उनले प्रष्ट पारेका छन् ।

प्रधानमन्त्री दाहालले सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा तीव्र विकास गरी यसको माध्यमबाट आम जनताको जीवनमा रुपान्तरण ल्याउनका लागि सबै पक्षसँग अपिल गरेका छन् । 'सुरक्षित सूचना प्रविधि, सुशासन र समृद्धि' भन्ने मूल नाराका साथ मंगलबार देशव्यापी रुपमा छैटौँ राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस मनाइँएको छ । सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा भएको विकास र विस्तारसँगै पछिल्ला दिनमा नेपालमा पनि सञ्चार तथा सूचना प्रविधिको प्रयोग बढिरहेका छन् । सार्वजनिक क्षेत्रबाट प्रवाह हुने सेवाहरू सूचना प्रविधिमैत्री हुँदै गइरहेका छन्।

## दरबन्दीका डाक्टर ................

अल्ट्रासाउन्डसहितका सेवा अस्पताल बाहिर गएर निजीमा लिन बाध्य छन् ।

अस्पतालमा एकजना रेडियोलोजिस्ट डाक्टरको दरबन्दी छ । दरबन्दीमा कार्यरत डाक्टर आशीष सिंह स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०७७ फागुन २१ गते सरुवामा परे । तर, अर्को रेडियोलोजिस्ट नपठाएपछि सबै सेवा बन्द छ । फागुन २१ गते भिडियो एक्सरे विभागका कन्सल्टेन्ट रेडियोलोजिस्ट डाक्टर सिंहको सरुवा भएपछि भिडियो एक्सरे र सिटिस्क्यान सेवा पूर्ण ठप्प भएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. प्रकाशप्रसाद साहले बताए । उनले पटकपटक मन्त्रालयमा कर्मचारी पठाउन पत्राचार गरे पनि अहिलेसम्म कर्मचारी नपठाउँदा सेवा ठप्प भएको जानकारी दिए । 'मन्त्रालयले दरबन्दीअनुसार रेडियोलोजिस्ट नपठाएपछि सेवा अवरुद्ध हुन्छ नै,' मेडिकल सुपरिडेन्टेन्ट साहले भने, 'मन्त्रालयसँग समन्वय गरेको छु, त्यहाँ गएर टेबुल ठोक्न पनि मिलेन, निर्वाचित प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यलाई पनि जानकारी गराएको छु, मन्त्रालयमा पहल गरिदिन आग्रह गरेको छु तर, अहिलेसम्म सुनुवाइ भएको छैन ।'

**मन्त्री यादवको चासो**

अस्पतालको सेवा ठप्पबारे सप्तरी निर्वाचन क्षेत्र नम्बर २ (२) का प्रदेशसभा सदस्य एवम् शिक्षा, विज्ञान प्रविधि तथा वाणिज्य मन्त्री महेशप्रसाद यादवले पनि चासो लिएका छन् । उनी जनमत पार्टीबाट निर्वाचित यसै क्षेत्रका प्रदेशसभा सदस्य हुन् । अस्पतालको एक्सरे, सिटिस्क्यान, अल्ट्रासाउन्डसहितका सेवा ठप्पबारे आफूलाई जानकारी आएको उनले बताए। मन्त्रालयबाट कर्मचारी ल्याउने प्रयास भइरहेको यादवले जानकारी दिए। 'मलाई जानकारी भएलगत्तै हाम्रो पार्टी अध्यक्ष सिके राउतलाई जानकारी गराएको छु र उहाँले मन्त्रालयमा सचिवसँग यसबारे कुरा गर्नुभएको पनि हाम्रो जानकारीमा आएको छ,' मन्त्री यादवले भने ।

जनशक्तिको अभाव देखाएर कुनै पनि बहानामा सेवाग्राहीलाई स्वास्थ्य सेवाबाट वञ्चित गर्न नहुने बताउँदै मन्त्री यादवले भने, ' जनशक्तिको व्यवस्थापन गर्ने जिम्मा मेडिकल सुपरिडेन्टेन्टको हो तर, उहाँ मन्त्रालयलाई पत्र लेखिएको भनेर पन्छिन खोज्दै हुनुहुन्छ । त्यो पत्र पनि मैले नै चासो राखेर लेख्न लगाएको हुँ ।'

## एसिसी मेन्स .........................

गरेँ,' खेलपछि गुल्सनले भने, 'सबैलाई धन्यवाद भन्न चाहन्छु, टिमको जितमा योगदान गर्न पाउँदा खुसी छु।'

१७ वर्षे गुल्सनले ३१औँ ओभरको दोस्रो बलमा छक्का प्रहार गर्दै नेपालको जित सुनिश्चित गरे। लगत्तै आयान अफजल खानको अर्को बलमा गुल्सनले एक रन लिएपछि नेपालले सात विकेटको विजय हासिल गर्दै पाकिस्तानमा हुने एसिया कपको टिकट पक्का गरेको हो । गुल्सनले २५ दशमलव ५ ओभरमा बासिल हमिदको बलमा दुई रन प्रहार गर्दै अर्धशतक पूरा गरे। अर्धशतक पूरा गर्ने क्रममा गुल्सनले ७५ बलमा तीन चौका र चार छक्का प्रहार गरे। एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा गुल्सनको यो दोस्रो अर्धशतक हो । यसअघि उनले १६ मार्चमा कीर्तिपुरमै आइसिसी क्रिकेट विश्वकप लिग-२ मा युएइविरुद्ध नै अर्धशतक बनाएका थिए।

गुल्सनले भीम सार्कीसँग चौथो विकेटका ९६ रनको अविजित साझेदारी गरे । भीम र गुल्सनले २२-३ को स्थितिबाट नेपालको इनिङ्स सम्हालेका थिए। गुल्सनले अर्को इन्डबाट भीम सार्कीले साथ दिए। भीमले ७२ बलमा चार चौकासहित अविजित ३६ रन बनाए।

# प्राण प्रतिष्ठामा विशिष्ट व्यक्तित्वको सहभागिता



**मधेशदृष्टि**
**जनकपुरधाम, १९ वैशाख ।**

जनकपुरधाममा रामजानकी लखन भगवान मन्दिरमा रहेको प्रतिमाको प्राणप्रतिष्ठा भएको छ ।जनकपुरधाम उपमहानगरपालिका वार्ड नं ७ पेठीयाबजारमाभएकोकार्यक्रममा सांसद जुलीकुमारी महतो, प्रदेश सांसद दीपेन्द्र ठाकुर, जनकपुरधामकामेयरमनोजकुमार साहको आतिथ्यतामा मन्दिरको प्राणप्रतिष्ठा गरिएको हो । राम जानकी युवा समितिका अध्यक्ष धर्मेन्द्रकुमार साह लगायत पदाधिकारीहरुले उपस्थित विशिष्ठ व्यक्तित्वहरुलाई स्वागत गरेका थिए । मन्दिरको प्राणप्रतिष्ठा अघि भव्य कलशयात्रा निकालिएको थियो भने प्राणप्रतिष्ठापछि भव्य भण्डारा गरी कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा , जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ, वडा ७ का अध्यक्ष नीरज कुमार साह ,पूर्व वार्ड अध्यक्ष मनमोहन साह, नेकपा एमालेका नगर अध्यक्ष सुरेंद्र भंडारी, राम जानकी युवा कमिटीका पूर्व अध्यक्ष जीवछ साह,विनोद कुमार साह, नेपाली कांग्रेस के युवा नेता संजीव कुमार साह लगायत विभिन्न व्यक्तिहरुको उपस्थिति रहेको थियो।

# २१ प्रतिशत मात्र शिक्षकउत्तीर्ण

**मधेशदृष्टि**
**वीरगंज, १९ वैशाख।**

शिक्षक सेवा आयोगले सार्वजनिक गरेको निमावि तह, तृतीय श्रेणी शिक्षक पदको नतिजामा करिब २१ प्रतिशत मात्र उत्तीर्ण भएका छन् ।

आयोगले वैशाख ९ गते लिएको खुला प्रतियोगितात्मक लिखित परीक्षाको सामान्यतर्फको नतिजामा २० दशमलव ७४ प्रतिशत मात्रै उत्तीर्ण भएका हुन् । परीक्षामा सहभागी ६७ हजार १ सय ८० मध्ये १३ हजार ९ सय ३९ सामान्य परीक्षा उत्तीर्ण भएका हुन्।

आयोगले सार्वजनिक गरेको नतिजा अनुसार मधेश प्रदेशमा सहभागी ६ हजार २ सय १० जनामध्ये १ हजार १ सय, बागमती प्रदेशमा ११ हजार ६ सय ६ सहभागी मध्ये दुई हजार ८ सय ३, कोशी प्रदेशमा सहभागी भएका १५ हजार ५ सय ९७ मध्ये ३ हजार ८५ जना उत्तीर्ण भएका छन्। गण्डकी प्रदेशमा ११ हजार ७ सय २८ मध्ये दुई हजार ८ सय ५५ जना उत्तीर्ण भएका छन्।

यस्तै, लुम्बिनी प्रदेशमा ६ हजार ६ सय ७२ सहभागी मध्ये एक हजार १ सय ८१ जना, कर्णाली प्रदेशमा सहभागी ६ हजार ५ सय ९८ मध्ये एक हजार २ सय ३१ जना र सुदूरपश्चिम प्रदेशमा सहभागी ८ हजार ७ सय ६९ मध्ये एक हजार ६ सय ८४ जना उत्तीर्ण भएका छन्।

आयोगले माघ १० गते १ हजार १ सय ६७ रिक्त दरबन्दीका लागि शिक्षक पदमा विज्ञापन खुला गरेको थियो । आयोगले विषयगत परीक्षा भदौ ९ गते सञ्चालन गर्ने जनाएको छ।

# ग्रामीण विद्यालयमा विज्ञान प्रयोगशाला



**महोत्तरी।** नगरक्षेत्रकै अधिकांश विद्यालयमा कम्प्युटर शिक्षा र प्रयोगशालाको अभ्यास हुन नसकेका बेला महोत्तरीको एउटा ग्रामीण विद्यालयले विज्ञान विषयको प्रयोगशाला अभ्यासमा ल्याएको छ।

महोत्तरीको सुदूरपश्चिमवर्ती सोनमा गाउँपालिका-७ सुन्दर पुरस्थित जनता माध्यमिक विद्यालयले मंगलबारबाट विज्ञान विषयको अध्यापनमा प्रयोशाला अभ्यास थालेको हो । गत आइतबार क्वेस्ट फर्मास्युटिकल्स प्राइभेट लिमिटेड आदर्श नगर वीरगञ्ज पर्साले विद्यालयलाई विज्ञान विषयको प्रयोगशालाका उपकरण उपलब्ध गराएको थियो। 'हाम्रो विद्यालयलाई गत आइतबार प्रयोगशालाका सबै उपकरण प्राप्त भएर जडान भए, हिजो बिदा थियो, आजदेखि विज्ञान विषयको अध्यापनमा विद्यार्थीलाई अभ्यास गराउन थालिएको छ', विद्यालयका प्रधानाध्यापक लालबाबु यादवले भने। एउटा कोठामा प्रयोगशाला रहेको हुँदा फरकफरक कक्षाका विद्यार्थीलाई पालो मिलाएर अभ्यास गराइने तालिका बनाइएको यादवको भनाइ छ।

जिल्लाको अति दुर्गम मानिने ग्रामीण भेगको विद्यालयका विद्यार्थीलाई पछिल्ला प्रविधिबारे चासो बढाउन र अध्ययनप्रति प्रेरणा जगाउन प्रयोगशाला सहयोगी हुने शिक्षकको भनाइ छ । प्रयोगशाला स्थापना भएर सञ्चालनमा आएपछि कक्षा-६ देखि माध्यमिक तहका कक्षामा विद्यार्थी उपस्थिति बढेको प्रधानाध्यापक यादवले बताए।

जिल्ला सदरमुकाम जलेश्वरबाट करिब ४० किलोमिटर पश्चिम भारतीय सीमासँग जोडिएको सुन्दरपुर शैक्षिक र अन्य विकास अवसरबाट पछि परेको ठाउँ मानिन्छ। क्वेस्ट फर्मास्युटिकल्स प्रालिले सहयोग गरेर स्थापना गरेको प्रयोगशालालाई अब आवश्यकताअनुसार समृद्ध बनाउँदै लगिने सोनमा गाउँपालिकाका अध्यक्ष विश्वेश्वरप्रसाद यादवले बताए । जिल्लाका सामुदायिक विद्यालयको पठनपाठन खस्की रहेको, यस्ता विद्यालयमा आधुनिक शिक्षाका कम्प्युटर प्रणाली र विज्ञान प्रयोगशाला सञ्चालनको पक्ष अति नै पछि परेको आम गुनासो बढिरहेका बेला ग्रामीण भेगको जनता मावि सोनमा-७ सुन्दरपुरले विज्ञान प्रयोगशाला सञ्चालनमा ल्याएको छ। विद्यालय प्रशासन र सम्बन्धित गाउँपालिकाले प्रयोगशालाको अभ्यासमा राम्ररी ध्यान दिए आफूहरु थप सहयोग बढाउन तत्पर रहने क्वेस्ट फर्मास्युटिकल्स प्रालिका सञ्चालक पृथ्वीराज भण्डारी र महाप्रबन्धक डा कमलेश दत्तले प्रतिबद्धता जनाएका छन्।

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ। अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ । शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदु:ख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ। अरुलाई प्रभावित पारेर काम बन्नेछ। नसोचेको ठाउँबाट धनागम हुनेछ। नयाँ कामको थालनी पनि हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्यमा समस्या आउला। अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

# जनकपुरधामका मेयर उपमेयरमाथि वडा अध्यक्षको आक्रोश

मधेशदृष्टि
**जनकपुरधाम, १९ वैशाख ।**

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-१ का वडाध्यक्ष देबु यादवले मेयर र उपमेयरको कार्यशैलिप्रति असन्तुष्टि जनाएका छन् । वडाध्यक्ष यादवले नगरप्रमुख मनोजकुमार साह र उपप्रमुख किशोरी साहले आफूहरुलाई कुनै सहयोग नगरेको आरोप लगाएका हुन् ।वडाध्यक्ष यादवले नगरभित्र अहिलेसम्म नयाँ अनुभूति केही पनि नभएकोसमेत सुनाए । 'नयाँ काम केही भएन। सबै काम गर्न आएकाले मेयर-उपमेयरलाई सधैँ हाम्रो 'सपोर्ट' हुन्छ । तर, जनताले कल्पना गरेअनुसारको काम हुनुपर्दछ ।जनकपुरधामबासीले व्यवस्थित जनकपुरधामको परिकल्पना गरेका छन् । गफ र भाषण गर्ने होइन, काम गर्ने हो, 'उनले भने । उनले ऐन, नियम, रणनीति र दीर्घकालीन सोच बनाएर अघि बढेमात्रै उपमहानगरले सफल नेतृत्व पाएको अनुभूति हुने जिकिर गरे



। सम्बन्धित वडाध्यक्षहरुलाई जानकारी नै नदिने र गहनरुपमा छलफल नै नगरी नेतृत्व अघि बढेको पनि उनको गुनासो थियो ।उनले भने, 'वडाका कुनै गरीबलाई निशुल्क उपचार गराउन उपमहानगरमा निवेदन लेख्दा विभिन्न बहाना बनाइन्छ । सिफारिसका लागि पनि यहाँ पैसा माग्ने गरिन्छ ।' उनले आफ्नो वडाको कार्यालय भवन निर्माणका लागि उपमहानगरले मात्र १० लाख उपलब्ध गराएको गुनासोसमेत सुनाए । दोस्रो कार्यकालमा नयाँ मेयर आउँदा नगरबासीले परिवर्तनको आश गरेपनि शुरुवाती परिणाम नै सुखद् नरहेको उनको भनाइ थियो ।'अब जनकपुरधाम परिवर्तन होला । गएको पाँच वर्ष नगरबासीले कुनै अनुभूति गर्न सकेनन् । अहिले पनि हामी फेरी गहनरुपमा छलफल गरिरहेका छैनौं । कर्मचारीदेखि मेयर, उपमेयरसम्म थुप्रै गल्ती कमजोरी र चुनौती छन्,' वडाध्यक्ष यादवले भने । यस्तो तरिकाले राजधानी सहरको विकास गर्न नसकिने उनको भनाइ छ । पमहानगरको सेवा प्रवाह, पूर्वाधार निर्माण, सामाजिक विकास, जनस्वास्थ्यको प्रवर्द्धनलगायतका विषयमा मेयर साहलाई फरक सुझाव दिएका वडाध्यक्ष यादवले उपमहानगरको नीति निर्माण र रणनीति दीर्घकालीन नरहेको टिप्पणी गर्दै तत्काल सुधार गर्नुपर्ने बताए । वडा-वडामा नगरप्रहरी खटाउनुपर्ने, वडाका कर्मचारीहरु परिवर्तन गर्ने, नीति निर्माण र भरपर्दो सेवा प्रणाली विकास, इन्टरनेट, शौचालय तथा फोहोर व्यवस्थापन गर्नुपर्ने उनको सुझाव छ ।

# सांसद कोइरी निलम्बित

मधेशदृष्टि
**जनकपुरधाम, १९ वैशाख ।**



नेकपा एमालेका सांसद लक्ष्मी महतो कोइरी निलम्बित भएका छन् । हत्या आरोप लागेका सांसद कोइरीलाई मंगलबार निलम्बन गरिएको संसद सचिवालयले जनाएको छ । सभामुख देवराज घिमिरेले प्रतिनिधि सभा नियमावलीको नियम २४८ को उपनियम ३ बमोजिम कोइरीलाई प्रतिनिधिसभा सदस्यबाट निलम्बन गरेको सभामुखका प्रेस विज्ञ शेखर अधिकारीले जानकारी दिए ।

गत मसिर ४ गते सम्पन्न निर्वाचनमा महोत्तरीको निर्वाचन क्षेत्र नम्बर-१ बाट निर्वाचित कोइरीमाथि सशस्त्र प्रहरीका असई थमन विकको हत्या गरेको आरोप छ । उच्च अदालत जनकपुरले उनलाई हत्या आरोपमा थुनामा राख्न आदेश दिएको थियो । त्यसपछि फरार रहेका उनको खोजी गर्न सहयोग माग्दै प्रहरी प्रधान कार्यालय नक्सालले संसद सचिवालयलाई दुई पटक पत्र लेखेको थियो । कोइरी निलम्बन भएको सूचनाको पत्र टाँस गरी निलम्बनको जानकारी दिइएको छ ।

# कानुन व्यवसायीको दबाबमूलक कार्यक्रम जारी

मधेशदृष्टि
**जनकपुरधाम, १९ वैशाख ।**



समग्र न्यायपालिकामा भइरहेको भ्रष्टाचार, विकृति, विसंगति अन्त्य तथा न्यायपालिकाको जनआस्था अभिवृद्धिका लागि जनकपुरधाममा दोस्रो दिन पनि दबाबमूलक कार्यक्रमको आयोजना गरिएको छ । विभिन्न ८ बुँदे मागसहित जनकपुरधामका कानुन व्यवसायीहरु मंगलबार दोस्रो दिन पनि नेपाल बार एसोसिएसन जनकपुरधामको मूलगेटमा धर्नामा बसेका हुन् ।केन्द्रीय बारको आग्रहअनुसार विभिन्न जिल्लामा आन्दोलन सुरु गरिएको र त्यसै क्रममा नेपाल बार एसोसिएसन जनकपुरले पनि आइतबारदेखि समग्र न्यायपालिकाको सुधारका लागि दबाबमुलक धर्ना कार्यक्रम प्रारम्भ गरेको कानुन व्यवसायी विपिन झाले बताए । उनले सोमबार मजदुर दिवसका दिन सार्वजनिक विदा रहेकोले धर्नामा नबसेको र मंगलबारदेखि पुनः दबाबमूलक कार्यक्रम सुरु गरिएको जानकारी दिए । उनीहरुले स्वतन्त्र न्यायपालिकाको रक्षा गर्नुपर्ने, न्यायालयभित्रको भ्रष्टाचार, विकृति, विसंगति अन्त्य गर्नुपर्ने, पूर्ण स्वचालित पेसी व्यवस्थापन प्रणाली लागू हुनुपर्ने, प्रधानन्यायाधीशको नियुक्ति अविलम्ब हुनुपर्ने, सर्वोच्च अदालतलगायत सबै तहका अदालतमा रिक्त रहेका न्यायाधीश यथाशीघ्र नियुक्त गर्नुपर्ने, सवैधानिक दायित्व पुरा गर्नुपर्ने, सँवैधानिक परिषद्को बैठक अविलम्ब बोलाउनुपर्ने र संसदीय सुनुवाई समिति गठन गर्नुपर्नेलगायतका माग अघि सारेका छन् ।

# दाइजोका कारण मुसहर समुदायमा भाँडिन्छन् बिहे



शैलेन्द्र महतो
**जनकपुरधाम, १९ वैशाख ।**

धनुषाको मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाका सहदेव सदा गत फागुनमा छोरीको बिहेको तयारीमा थिए । भारत बिहार मधुबनीका केटा र उनकी छोरीले एक अर्कालाई मन पराइसकेका थिए । अन्तिम चरणमा केटा पक्षले यति धेरै दाइजो माग्यो कि यही कारण बिहे नै रोकियो ।

'बेटाबाला दहेजमे एकटा मोटरसाइकल, सोनचाँदी आ महंग फर्निचर मांग केलकै । पेटे पालएमे आफत है त ओतेक दहेज कतसे दिय सकैतीयै । तै दुवारे बेटीके बिहाव नै भेलै,' सहदेवले बिहे रोकिएकामा दुखेसो गरे ।त्यसपछि पनि छोरीको बिहेका लागि अरु ठाउँबाट पनि प्रस्ताव आए । केही ठाउँमा कुरा पनि अगाडि बढ्यो । तर अन्तिममा दाइजोमै कुरा नमिलेको सहदेव सुनाउँछन् । सम्पत्तिको नाममा उनको केवल डेढ धुर ऐलानी जग्गामा जस्ता, काठ र माटोले बनेको छाप्रो छ । त्यही छाप्रोमा ८ जनाको परिवार बसिरहेका छन् ।

दैनिक गुजाराका लागि आफूले चढ्न साइकल किन्न धौ धौ परेका उनलाई छोरीको बिहेमा दाइजोवापत मोटरसाइकल दिनु हैसियत बाहिरको कुरा हो ।मधेशमा दाइजो ठूलो सामाजिक समस्या हो । दाइजोकै कारण बिहे हुन नसक्नु, बिहे भएकामा पनि सम्बन्ध राम्रो नहुनु, कुटपिट र हत्यासम्मका घटना भएका छन् ।

मुसहर मधेशमा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय हो । यो समुदायमा केही वर्ष अघिसम्म दाइजो लेनदेनको प्रचलन थिएन । तर हिजोआज दाइजो लेनदेनबिना विवाह नै हुन छाडेको छ ।सोही बस्तीका मिथिलेश सदा पनि जेठी छोरीको बिहे गर्दा दिएको दाइजोको ऋणले थिचिएका छन् । २०७८ फागुनमा उनले छोरीको बिहे भारत बिहारस्थित कम्तौल टोलका एक युवकसँग गराइदिए । बिहेमा एउटा मोटरसाइकल, पलङसहितका फर्निचर, सुनचाँदी र लत्ता कपडा गरी ६ लाखको दाइजो र भोजभतेर, जन्तीको स्वागत सत्कारलगायतमा गरी १३ लाख खर्च भएको मिथिलेश बताउँछन् । यो रकम गाउँकै साहु महाजनसँग ऋण लिएको उनको भनाइ छ ।'त्यति खर्च गर्ने हाम्रो हैसियत छैन । तर सयममै छोरीको बिहे नगरे समाजले नराम्रो मान्छ । यताउताका साहु महाजनसँग चर्को ब्याजमा ऋण लिएँ । ब्याजसहित फर्काउन साहु महाजनको ताकेता आउन थालेको छ । यति ऋण कसरी तिर्ने सोचेरै तनावमा छु', मिथिलेशले भने । यही ऋण तिर्न उनले थप दुई लाख रुपैयाँ ऋण खोजेर कान्छो छोरालाई मलेसिया पठाएका छन् ।

'हाम्रो मुसहरमा अब बिना दाइजो छोरीको बिहे हुँदैन । मलाई यो चाहिन्छ, त्यो चाहिन्छ भनेर पहिले नै माग्छन् । बिहे हुनु अगाबै दाइजो लिन्छन् बेहुला पक्ष', मिथिलेश सुनाउँछन् 'अहिले त दाइजोमा मोटरसाइकल अनिवार्य जस्तै छ । सुनचाँदी, फर्निचर, भैंसी दिनुपर्छ । त्यसमा पनि जन्तीको स्वागत सत्कार राम्रो गर्नैपर्छ ।'२०७६ फागुनमा धनुषाको नगराइन नगरपालिका-२ जटहीका सुकदेव सदाको छोरीको बिहेमा दाइजोकै कारण तोकिएको बिहे अघिल्लो दिन रद्द भएको थियो । बेहुलीको घरमा टेन्ट पण्डाल तयार थियो, मड़वा सजाइएको थियो । जन्तीको स्वागतका लागि विभिन्न परिकार पाकिसकेका थिए । बेहुलीको परिवार बेहुला र जन्तीको पर्खाइमा थियो । तर अघिल्लो दिन मध्यराति बेहुला पक्षबाट फोन आयो 'पहिला दाइजोमा दिन स्वीकारेको मोटरसाइकल दिनुस्, अनि जन्ती आउँछ । नभए यो बिहे हुँदैन ।'त्यसपछि सुकदेवले छोरीको बिहे अर्कै ठाउँमा गरिदिएका थिए ।

मुसहर समुदाय उत्थानमा काम गर्दै आएका पच्चु माझी पछिल्लो समय अन्य समुदायको सिको मुसहर समुदायले गर्न थालेको बताउँछन् । उनका अनुसार २५ वर्षअघि मुसहर समुदायमा उल्टै केटा पक्षले नै केटी पक्षको बिहे खर्च तिर्ने चलन थियो । '२५ वर्षअघिसम्म उल्टै बेहुली पक्षको सम्पूर्ण विवाह खर्च तिर्ने चलन थियो । मैरै दिदीको बिहेमा त्यस्तै भएको थियो । अहिले अन्य समुदायको सिकोले उल्टो भएको छ', माझी भन्छन् । दाइजो प्रथा बढ्नुमा वैदेशिक रोजगारी पनि अर्को कारण रहेको उनको बुझाइ छ । पेट्रोलसमेत हाल्न नसक्ने हैसियतका व्यक्ति अचेल दाइजोमा मोटरसाइकल माग्ने गरेका छन् ।'तेल राख्ने हैसियत हुँदैन । तर दाइजोमा मोटरसाइकल नै माग्छन् । मोटरसाइकल चढ्नु फेसन जस्तै भइसकेको छ । बेहुलाको पहिलो र ठूलो डिमाण्ड त्यही नै हुन्छ', पच्चु सुनाउँछन् । मुसहर समुदायमा लेखपढ गरेका तथा शिक्षित हुनेले झन् बढी दाइजो माग गर्ने गरेकाले समस्या विकराल बन्दै गएको उनले बताए । *(अनलाइन खबर बाट)*

# विद्यार्थीलाई पाठ्यपुस्तक हस्तान्तरण

राजकुमार बानिया
**पर्सा, १९ वैशाख ।**



धोबिनी गाउँपालिका-४ बखरीस्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा पाठ्यपुस्तक तथा स्टेसनरी वितरण भएको छ । वडाध्यक्ष अवास मियाँले कक्षा १ देखि ५ सम्मका बालबालिकालाई स्टेसनरी वितरण गरेका हुन् । नयाँ सत्र सुरु भएकाले पाठ्यपुस्तक र स्टेसनरी वितरण गरिएको वडा सदस्य कमल ठाकुरले बताए । वडाध्यक्ष मियाँले विद्यालय अनुगमन गरी पढाउन नआउने र अटेर गर्ने शिक्षकलाई कारबाही गरिने बताए । 'पहिलो प्राथमिकता शिक्षा नै रहेकाले शिक्षामा सुधार कसरी हुन्छ, समस्या समधान गर्न तयार छु,' वडाध्यक्ष मियाँले भने, 'शिक्षकलाई केही समस्या भए जानकारी गराउन आग्रह गर्दछु, पढाइमा समस्या हुनुभएन ।' कार्यक्रममा वडासदस्य कमल ठाकुर, मदन सहनी, रामनारायण कुर्मी, स्थानीय ईशरायल मियाँलगायत शिक्षक, विद्यार्थी र अभिभावकको सहभागिता थियो ।

# गौशाला नभत्काउन अभियानको आग्रह



मधेशदृष्टि
**वीरगंज, १९ वैशाख ।**

जीतपुरसिमरा उपमहानगरनगरपालिकाले गौशाला भत्काउने निर्णय गरेको प्रति राष्ट्रिय एकता अभियानले आपत्ती जनाएको छ । अभियानले मंगलबार एक विज्ञप्ती जारी गर्दै बाराको जीतपुरसिमरा उपमहानगरपालिकाले वार्ड नं ७ स्थित गौशाला भत्काउने निर्णय गरेको प्रति गम्भीर ध्यानाकर्षण भएको र अतिक्रमणको वहानामा वर्षौदेखि संचालनमा रहेको हिन्दु धर्मालम्बिहरुको धरोहर भत्काउन खोज्नुले धार्मिक असहिष्णुता देखिएको उल्लेख गरेको छ । घरटहरा भत्काउने कार्यमा रोक लगाउन जिल्ला प्रशासन कार्यालय बाराले अनुरोध गरेपनि उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेलले उल्टै जिल्ला प्रशासन कार्यालयलाई स्थानिय सरकार स्विकार नगरेको र भुमाफियालाई समर्थन गरेको भन्दै धम्कीपुर्ण विज्ञप्ती दिनु गलत रहेको जारी विज्ञप्तीमा उल्लेख छ । वि.स.२०२२ देखि नै संचालनमा रहेको गौशाला हटाउन सुनियोजित रुपमा स्वामित्वको विवाद झिकिएको र नेपालीलाई धर्मका नाममा विभाजीत गरी स्वार्थपूर्ति गर्न खोज्ने गिरोहको इसारामा जनप्रतिनीधिहरुको फसेको आरोप लगाइएको छ भने गौशाला हटाएर स्वार्थ समुहको गुलामी गर्ने भन्दा पनि विकल्पहरु खोजेर हिन्दुहरुको आस्थासंग जोडिएको गौशालाको व्यवस्थापनका लागि माग सहित जवरजस्ती गौशाला हटाउने दुस्प्रयास गरिए त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेदबार सम्बन्धित निकाय नै हुने अभियानका केन्द्रिय अध्यक्ष विनय यादवद्धारा जारी विज्ञप्तीमा चेतावनी दिइएको छ ।

# भगौडा थुनुवा पक्राउ




मधेशदृष्टि
**महोत्तरी, १९ वैशाख ।**

उपचारका क्रममा प्रहरीको आँखा छली भागेको थुनुवालाई करिब एक महिनापछि प्रहरीले फेला परेको छ । महोत्तरी कारागारका थुनुवा कृष्णकुमार यादव गत चैत २४ गते बिरामी भई उपचारका लागि जनकपुर लगिएका बेला चिकित्सकको क्लिनिकबाटै भागेका थिए । सोमबार जलेश्वर नगरपालिका-३ स्थित भारतीय सीमावर्ती बस्ती मलिबारामा लुकीछिपी हिँडडुल गरिरहेका बेला यादवलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक प्रकाश मल्लले जानकारी दिनुभयो ।

जिल्लाकै लोहारपट्टी नगरपालिका-९खुट्टापिपराढीका स्थायी बासिन्दा यादव महोत्तरी जिल्ला अदालतको आदेशमा पूर्पक्ष थुनाका क्रममा महोत्तरी कारागारका थिए । जनकपुरधाम उपमहानगरपालिका-७ का १६ वर्षीय अजय भन्ने अर्जुन साहलाई २०७९ साउन २३ गते अपहरण गरेर घाँटी थिची हत्या गरेको यादवमाथि अभियोग छ । यादवउपर अपहरण तथा शरीर बन्धक, कर्तव्य ज्यान, चोरी र आपराधिक षड्यन्त्र समेतको मुद्दा महोत्तरी जिल्ला अदालतमा विचाराधीन छ । यसै मुद्दामा अदालतले २०७९ भदौ २६ गते यादवलाई पुर्पक्ष थुनामा राख्न आदेश गरेपछि उनी कारागारका थुनुवा रहँदै आएका हुन् ।भगौडा यादव पक्राउ परेपछि उनीविरुद्ध कैदी/थुनुवा भागे/भगाएको थप कसुरमा कारागार ऐन, २०७९ बमोजिम कारबाही थालिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । यसका लागि सोमबार नै अदालतमा उपस्थित गराई म्याद लिई अनुसन्धान थालिएको प्रहरी उपरीक्षक मल्लले बताउनुभयो ।

# प्राण प्रतिष्ठानअघि कलश यात्रा

मधेशदृष्टि
**वीरगंज, १९ वैशाख ।**

वीरगंज महानगरपालिका वडा नम्बर १० घडीअर्वास्थित ब्रम्हबाबाको मन्दिरमा जाट जाटिन भगवानको मूर्तिको प्राण प्रतिष्ठानका लागि मंगलबार भव्य कलश यात्रा निकालिएको छ । ब्रम्ह बाबाको मन्दिरमा चाँदीबाट निर्मित जाट जाटिन भगवानको मूर्तिको प्राण प्रतिष्ठान बुधबार गरिने भएकाले त्यसको एकदिन पहिले मंगलबार भव्य कलश यात्रा निकालिएको हो । मंगलबार बिहान घडीअर्वा पोखरीबाट कलशमा जल भरेर सुरु भएको कलश यात्रा माइस्थान, आदर्शनगर, अलखीयामठ हुँदै ब्रम्हबाबा मन्दिरमा पुगेर पूजापाठ गरी सम्पन्न भएको स्थानीय सोनालाल साह कानुले जानकारी दिए ।

कलश यात्रामा वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंह, वडा नम्बर १० का वडाध्यक्ष सुशील साह कानुका साथै महिला, युवती, किशोरीका साथै सैयौं भक्तजनको सहभागिता थियो । हिन्दू धर्मालम्बीको अगाध आस्थाका रुपमा रहेका ब्रम्हबाबा मन्दिरको वडावासी आफैंले आर्थिक सहयोग संकलन गरी सौन्दर्यकरण गर्नुका साथै चाँदीको मूर्ति स्थापना गर्न लागेका हुन् । मन्दिरमा यसअघि भएको मूर्ति चोरी भएपछि वडावासीले नयाँ मूर्ति स्थापना गर्न लागेको स्थानीय युवा मनोहर साहले बताए ।

# स्रोत नखुलेको रकमसहित भारतीय पक्राउ

मधेशदृष्टि
**वीरगंज, १९ वैशाख ।**

पर्साबाट प्रहरीले एकजना भारतीय नागरिकलाई स्रोत नखुलेको ३ लाख ७५ हजार ८ सय भारतीय रुपैयाँसहित पक्राउ गरेको छ ।

प्रहरीले वीरगंज महानगर वडा नम्बर १६ रजतजयन्ती चोकबाट भारत घर भएका ३९ वर्षीय अमित कुमार सिंहलाई पक्राउ गरेको हो । प्रहरी चौकी इनर्वाबाट खटिएको प्रहरी टोलीले भारतको रक्सौलतर्फ पैदल जाँदै गरेका सिंहलाई चेकजाँच गर्ने क्रममा स्रोत नखुलेको ३ लाख ७५ हजार ८ सय भारतीय रुपैयाँसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी निर्मल बुढाथोकीले जानकारी दिए ।

प्रहरीले उनको साथबाट २ हजार दरका २१ थान, ५ सय दरको ६ सय ४४ थान, २ सय दरका ३३ थान र १ सय दरका ४५ थान र ५० दरका १४ थान नोटसहित फेला पारेको दाबी गरेको छ ।

## सम्पादकीय

# सूचना प्रविधिमा फड्को र चुनौती

नेपाली विस्तारै सूचनाको पहुँचमा पुगेका छन् । सूचना प्रविधिको पहुँचमा पुगेका छन् । कम्प्युटर, मोबाइल, इन्टरनेट, सोसल मिडिया, आर्टिफिसियल इन्टेलिजेन्स (एआइ) लगायतका उपकरण र सुविधा प्रयोग गर्ने अवस्थामा पुगेका छन् । हरेक वर्ष मे २ लाई सूचना तथा सञ्चार प्रविधि दिवस (आइसिटिडे) कै रुपमा मनाउने अवस्थामा पुगेका छन् ।

छैटौं सूचना तथा सञ्चार प्रविधि दिवस मंगलबार मनाइएको छ । 'सुरक्षित सूचना प्रविधिः सुशासन र समृद्धि' मूल नारासहित विविध कार्यक्रम गरी देशैभर दिवस मनाइएको हो । कोभिड-१९ का बेला लकडाउनसँगै खाद्यान्न, इन्धन तथा स्वास्थ्य सामग्री आपूर्ति प्रभावित हुने अनुमान थियो ।

यस्तो बेला सरकारले सोसल मिडिया र अनलाइन विधिबाट पनि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा गुनासो गर्न सकिने व्यवस्था गर्‍यो । त्यति मात्र होइन, गुनासोको सम्बोधन सूचना प्रणालीबाटै अनलाइन माध्यमबाट गुनासोकर्तालाई जानकारी गराउन कल सेन्टर पनि प्रयोगमा ल्याइयो । यो एउटा सूचना प्रविधि प्रयोगको अभ्यास थियो । प्रभावकारी पनि सावित भयो ।

सुशासनमा सूचना प्रविधियुक्त शासन वा विद्युतीय शासन पनि पर्न थालेको छ । सूचना तथा सञ्चार प्रविधिलाई नागरिक र सरकारबीच सम्पर्क सेतू बनाउने अभ्यास हामीकहाँ स्थानीय तहमै भइरहेको छ । विद्युतीय शासनको उद्देश्य सरकार, बजार र नागरिकका राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा रहेका सेवासँग जोडिएका प्रक्रिया सरलीकृत पार्नु हो । कम जनशक्तिबाट प्रभावकारी, छरितो सेवा प्रवाह गर्नु पनि हो ।

शासन सञ्चालक वा शासन प्रणालीप्रति नागरिकको विश्वास अभिवृद्धि गर्न विद्युतीय शासन सहयोगी देखिएको पनि छ । काम कारबाहीमा पारदर्शिता र जवाफदेहिता मात्र होइन विश्वसनीयतासमेत बढाएको छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोगले सार्वजनिक क्षेत्रमा हुने गरेका अनियमितता र चुहावट घटाएको देखाएको छ । सूचना प्रविधिप्रति जनताको विश्वास बढ्नु नै सूचना प्रविधिको पहुँच विस्तार पनि हुनु हो । सन् १९९६ देखि सन् २०१० को अवधि र एक सय ७० वटा देशको तथ्याङ्कका आधारमा भएको अध्ययनको निष्कर्ष छः जहाँ इन्टरनेट प्रयोगकर्ताको सङ्ख्या बढ्छ त्यहाँ जस्तोसुकै शासन प्रणाली अपनाइए पनि कुशल र स्थायी शासन हुन्छ-हुन्छ । इन्टरनेटले सूचनामा पहुँच वृद्धि, एकभन्दा बढी स्रोतबीच सामाञ्जस्यता र राजनीतिक संवादका लागि मञ्च निर्माणसँगै अन्तरक्रिया पनि गर्दछ ।

यस अर्थमा नै आइसिटीको प्रयोग प्रभावकारी देखिएको हो । आइसिटीको सुरक्षित प्रयोगबाट सेवामा पहुँच बढ्न गएको छ । सामाजिक समावेशीकरणमा समेत टेवा पुगेका अभ्यासहरु छन् । आर्थिक समृद्धिसँगै स्वतन्त्रताको अभ्यास, बौद्धिक तथा सिर्जनात्मक कार्य पनि सम्भव भएका छन् । आध्यात्मिक आयाम बलियो हुने, विभेद र वञ्चितीकरण हटेर गई समाजमा मेलमिलाप र सामञ्जस्यता बढेर जाने काम पनि सूचना प्रविधिसँग जोडिएको सुशासनको अर्को पाटो हो ।

सही अर्थमा समृद्ध देश सुखी नेपालीको गन्तव्य हासिलमा सूचना प्रविधि प्रभावकारी नै भइरहेको पाइएको छ । यसरी प्रयोगमा आउने आइसिटी सुरक्षित र विश्वसनीय बन्नु नै नागरिकको विश्वास पाउनु हो । सूचना प्रविधिले मारेको फड्कोलाई अझ विस्तार गर्दै लैजान जरुरी छ ।

यो पहुँच सबैमा पुर्‍याउन पूर्वाधार विकाससँगै नेपालले गरेको प्रयासलाई उपभोक्ताले भने अझ सस्तोमा छिटो इन्टरनेट चलाउने पाउने पाटो पनि जोडिन जरुरी छ । प्रविधिको प्रयोग छ, छरितो छैन, यो समस्या समाधानका पनि लाग्न जरुरी देखिएको छ ।

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# विश्व प्रेस स्वतन्त्रता दिवस र हाम्रो प्रेस

*स्वतन्त्र प्रेसले आफूभित्र स्वतन्त्रता राखेको हुन्छ अर्थात् स्वतन्त्र प्रेस त्यहाँ हुन्छ जहाँ स्वतन्त्रता हुन्छ। यहाँ स्वतन्त्रताको अर्थ लोकतन्त्र वा प्रजातन्त्र हो। जहाँ प्रजातन्त्र छैन, त्यहाँको प्रेस स्वतन्त्र हुन सक्दैन भन्ने मान्यता छ। यद्यपि लोकतान्त्रिक मुलुकमा पनि सर्वत्र प्रेस स्वतन्त्रता हुन्छ भन्ने होइन। प्रेसमाथि अनेक किसिमले अंकुश लगाउने काम भइरहन्छ वा प्रेसलाई स्वतन्त्र राखिएको भन्ने देखाएर अनेक किसिमको कानुन निर्माण गरी बाँध्ने काम गरिएको पनि हुन्छ। स्वतन्त्र प्रेसले वैचारिक स्वतन्त्रतालाई महत्व दिन्छ। यसैले स्वतन्त्र प्रेसले स्वतन्त्र प्रेसको पनि आलोचना गर्न पाउँछ।*



**– सञ्जय साह मित्र**

कुनै पनि दिवस मनाइँदा जुन क्षेत्रको हो, त्यस क्षेत्रका मानिसलाई राम्ररी जानकारी हुनुपर्छ । यो पहिलो मान्यता हो । वास्तवमा जानकारी नभएकालाई पनि जानकारी दिइनु र महत्व बताइनु दोस्रो कुरो हो तर सम्बन्धित दिवसको मर्मलाई आत्मसात गर्नु सबैभन्दा महत्वपूर्ण कुरो हो । अहिलेसम्म अधिकांश दिवसहरु हाम्रो समाजमा जानकारी दिलाउनु र महत्व बताइनुमा सीमित रहन्छन् । यसबाट विभिन्न दिवसहरु आउँछन् र जान्छन् ।कतिपय दिवसहरु धुमधामका साथ मनाएर औपचारिकता पूरा गरिन्छन् । कतिपय दिवसले औपचारिकभन्दा फरक खोज्दछ । व्यावहारिक हुन नसके पनि आत्मसमीक्षा गर्ने अवसरको रुपमा दिवसहरुलाई उपयोग गरिनु पर्छ ।

अरुलाई जानकारी गराउने माध्यमको रुपमा विश्वमा प्रेसलाई लिइन्छ । प्रेसलाई सूचनाको अधिकार छ अर्थात् प्रेसले सूचना दिन्छ भन्ने मान्यता छ । अझ यसलाई यसरी भनिन्छ - प्रेसको सूचना आधिकारिक हुन्छ । यस मान्यताले विश्वव्यापी रुपमा प्रेसप्रतिको विश्वसनीयतालाई नै दर्शाउँछ । यही विश्वसनीयताको आधार नै हो कि अनौपचारिक रुपमा नै भए पनि विश्वले प्रेसलाई चौथो अंगको रुपमा स्वीकार गर्ने गरेको छ । राज्यका औपचारिक निकाय व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकासँगै पत्रकारिता अर्थात् प्रेसलाई राख्नुले विश्वमा प्रेसप्रतिको आस्था र सम्मानलाई दर्शाउँछ भने प्रेसको जिम्मेवारीलाई पनि बोध गराउँछ। यस जिम्मेवारीको कारणले नै हो हरेक समय प्रेस स्वाभाविक प्रतिपक्ष हुन्छ भन्न पुगेको । प्रेसलाई सरकारको स्थायी प्रतिपक्षी भनिन्छ। प्रेसले कस्को आवाज बोल्दछ त ? यदि प्रेसको अगाडि एउटा चुनौती छ - दुईमध्ये कुनै एकलाई प्राथमिकता दिनुपर्ने। एउटा समाचार छ धेरै बोल्नेको र अर्को आवाज छ बोल्नै नसक्नेको । यस अवस्थामा प्रेसले दुईमध्ये एक चयन गर्नुपर्दा जसले बोल्न सक्दैन, उसको आवाजलाई नै प्राथमिकता दिनुपर्छ । बोल्न नसक्नेको आवाज बन्नुपर्छ । आवाजविहीनको आवाज भनेर प्रेसलाई यसै कारणले भनिएको हो । हो, जसको आवाज सुनिँदैन, उसको आवाजलाई त्यहाँसम्म पुर्‍याउनुपर्छ जहाँ उसको आवाज सुन्न सकियोस् । आवाजको सम्बोधन हुन सकोस् । प्रेसको आवाज निरर्थक हुन सक्दैन । यस कारण आवाजको सम्मान हुन सकोस् । प्रेसको आवाजलाई सम्मान गरिएकै छ ।

र, यसै सन्दर्भमा प्रेस स्वतन्त्रताको सबाल पनि उत्पन्न हुने गरेको छ । प्रेस स्वतन्त्र छ कि छैन भन्ने कुरो प्रेसकर्मी र नागरिक दुवैले बुझ्दछन् । प्रेसलाई स्वतन्त्रताको सबाल कुनै देशसित मात्र सम्बन्धित नहुन पनि सक्छ । हुन त प्रेसको स्वतन्त्रता सम्बन्धित देशको संविधानले दिने हक हो । संविधानको दिएको प्रेस स्वतन्त्रताको हकको कार्यान्वयन पक्ष पनि निकै महत्वपूर्ण कुरो हो । कतिपय अवस्थामा संविधानले दिएको प्रेस स्वतन्त्रता कार्यान्वयनमा बाधा उत्पन्न भएको हुन्छ भने कतिपय अवस्थामा संविधानले दिएको प्रेस स्वतन्त्रताको कार्यान्वयनमा दुरुपयोग पनि भएको हुन्छ । दुवै अवस्थामा प्रेसलाई स्वतन्त्र मान्न सकिँदैन । यसैले प्रेस स्वतन्त्र विश्वव्यापी मान्यतामा आधारित हुन्छ र प्रेसले आफ्नो मूल्यांकन आफैँ गरिरहेको पनि हुन्छ ।

स्वतन्त्र प्रेस विश्वको लागि महत्वपूर्ण छ । स्वतन्त्र प्रेसले आफूभित्र स्वतन्त्रता राखेको हुन्छ अर्थात् स्वतन्त्र प्रेस त्यहाँ हुन्छ जहाँ स्वतन्त्रता हुन्छ । यहाँ स्वतन्त्रताको अर्थ लोकतन्त्र वा प्रजातन्त्र हो । जहाँ प्रजातन्त्र छैन, त्यहाँको प्रेस स्वतन्त्र हुन सक्दैन भन्ने मान्यता छ । यद्यपि लोकतान्त्रिक मुलुकमा पनि सर्वत्र प्रेस स्वतन्त्रता हुन्छ भन्ने होइन । प्रेसमाथि अनेक किसिमले अंकुश लगाउने काम भइरहन्छ वा प्रेसलाई स्वतन्त्र राखिएको भन्ने देखाएर अनेक किसिमको कानुन निर्माण गरी बाँध्ने काम गरिएको पनि हुन्छ । स्वतन्त्र प्रेसले वैचारिक स्वतन्त्रतालाई महत्व दिन्छ । यसैले स्वतन्त्र प्रेसले स्वतन्त्र प्रेसको पनि आलोचना गर्न पाउँछ । जसरी लोकतन्त्रले लोकतन्त्रको पनि आलोचना गर्न पाउँछ । हो, यही पृष्ठभूमिमा लोकतन्त्रलाई प्रेस स्वतन्त्रताको दिदी बहिनी मानिएको पाइन्छ । दुवैबिच नङ र मासुको जस्तो सम्बन्ध हुन्छ । नङ र मासुको सम्बन्ध रहँदा एकले अर्कोलाई सुरक्षा गरिरहेको हुन्छ र दुवैको वृद्धि तथा विकास पनि भइरहेको हुन्छ ।

प्रेस स्वतन्त्रताको विश्वव्यापी महत्वलाई बुझेर सन् १९९३ मा संयुक्त राष्ट्र संघको युनोस्कोको आयोजनामा अफ्रिकी देश नामिबियाको विन्डहक सहरमा 'स्वतन्त्र एवं बहुलवादी प्रेसका लागि विन्डहक घोषणापत्र' जारी भएको थियो । विश्वका विभिन्न देशका वरिष्ठ पत्रकार, पत्रकारिताका प्राध्यापकहरु तथा स्वतन्त्रताका पक्षपातीहरुको सहभागिता निर्माण भई विन्डहक घोषणापत्र जारी भएको थियो । घोषणापत्रमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा बलियो प्रतिबद्धता जनाइएको थियो भने बहुलवादी प्रेसका पक्षमा सम्मेलन स्पष्ट रुपमा उभिएको थियो । विन्डहक घोषणापत्र ३ मई १९९३ मा जारी भएको थियो । त्यसैले सोही दिन हरेक वर्ष विश्व प्रेस स्वतन्त्रता दिवस मनाइने गरिन्छ । नेपालमा पनि प्रेस स्वतन्त्रताका पक्षधरहरुले यस दिनलाई एउटा उत्सवको रुपमा मनाउँछन् । प्रेसलाई स्वतन्त्र राख्नुपर्छ र सबै किसिमको हस्तक्षेपबाट यसलाई मुक्त राखी स्वतन्त्रता र निष्पक्षतापूर्वक काम गर्न दिनुपर्छ भन्ने चर्चा गरिन्छ । नेपालको प्रेसको अवस्था र विश्वमा प्रेसको अवस्थाको तुलना गरिन्छ र मूल्यांकन पनि गरिन्छ । प्रेसको महत्वलाई पनि बुझाउने काम गरिन्छ । प्रेस स्वतन्त्रताका हिमायती तथा पक्षधरहरुले अरु दिन कम होला तर यस दिन भने खरो रुपमा पक्षमा वकालत गर्दछन् ।

> **"** नेपाली प्रेसले पनि प्रेस स्वतन्त्रतामा देखिएको बाधा र अवरोधलाई राम्ररी बुझेको छ । यही कारण यहाँको प्रेस विश्वसनीय बनेको छ । यति हुँदाहुँदै पनि प्रेसका आन्तरिक समस्याहरु भने रहिरहेकै छन् । कोरोना कालअघि र कोरोना कालपछिको अवस्थामा प्रेसलाई तुलना गर्ने हो भने अहिले पनि नेपालको प्रेस स्वतन्त्र त छ तर समस्या भने कम भएको छैन । नेपाली अर्थतन्त्रको प्रभाव यहाँको प्रेसमा पनि परेको छ । प्रेसमाथि कुनै हस्तक्षेप अहिलेको अवस्थामा देखिँदैन तर अर्थतन्त्रको कारणले अन्य क्षेत्र प्रभावित भएसँगै यहाँको प्रेसमा पनि प्रभाव परेको छ । प्रेसले पनि कोरोना कालको मूल्य चुकाइरहेको छ । पहिलेजस्तो अहिले पनि यहाँको प्रेसले विज्ञापन पाउन सकेको छैन, पाठक पाउन सकेको छैन ।

युनेस्कोसँगसँगै विश्वका अन्य धेरै संघसंस्थाहरुले अब प्रेस स्वतन्त्रता दिवसको दिन गत वर्षको मूल्यांकन र आगामी दिनको कार्ययोजना बनाउँछन् । विश्वभरका संचारमाध्यमको स्वतन्त्रताको मुद्दा, मापदण्ड र महत्वको विषयमा पैरवी गर्दछन् । बहस र छलफल गर्दछन् । यसै गरी समाचार संकलन गर्ने क्रममा जोखिममा परेका, गम्भीर समस्या भोगेका तथा ज्यान गुमाएका पत्रकार र प्रेस स्वतन्त्रताका हिमायतीहरुको योगदानको सम्झना गरिन्छ । तिनीहरुको सम्झना गरिन्छ । सम्मान गरिन्छ । यति मात्र नभएर किन त्यस्तो अवस्था आएको थियो भन्ने मूल्यांकन पनि गरिन्छ । अब फेरि पनि त्यस्तो अवस्था आउन नदिन कसले कस्तो भूमिका खेल्नुपर्ने हो भन्ने पनि खुट्याइन्छ । साथसाथै प्रेस स्वतन्त्रता संचार माध्यमको मात्र मुद्दा नभई समग्र समाज र लोकतान्त्रिक प्रणालीको अभिन्न अंग वा विषय भएको बताइन्छ ।

प्रेस स्वतन्त्रता तथा पत्रकारहरुको कामकाज गर्ने स्वतन्त्रताको संरक्षणका लागि नीतिगत, कानुनी तथा संरचनागत सुदृढिकरणको माग हुने गर्दछ । विद्यमान नीति, कानुन तथा संरचनाको मूल्यांकन हुने गर्दछ ।

नेपालका पनि लोकतन्त्र छ । नेपाल लोकतान्त्रिक गणतान्त्रिक मुलुक हो । यहाँ संघीय, प्रान्तीय तथा स्थानीय गरी तीन तहको सरकार छ । र, यहाँको प्रेसलाई स्वतन्त्र मानिएको छ । नेपालको लोकतन्त्रलाई बलियो बनाउन स्वतन्त्र प्रेसको ठूलो भूमिका छ र नेपालको प्रेसलाई स्वतन्त्र बनाइराख्न लोकतन्त्रको ठूलो भूमिका छ । प्रबुद्ध वर्गले यहाँको प्रेसमा आफ्नो अनुहार खोज्दछन् । विचार पस्कन्छन् र विचारको विस्तार गर्दछन् । विचार ग्रहण पनि गर्दछन् । नेपालको प्रेस निकै गतिमान कुन मानेमा छ भने यसले बहुलवादलाई अंगीकार गरेको छ । वैचारिक धरातलमा भिन्नता बोकेका कैयौँ संचार माध्यम सबल र सक्षम छन् । नेपाली नागरिकको विश्वास यहाँको प्रेसप्रति रहेको छ । यहाँको प्रेस स्वतन्त्रतालाई नेपालको नागरिकले अन्तर्हृदयदेखि प्रेम गर्दछन् । यसै कारण प्रतिस्पर्धात्मक बजारमा अनेक किसिमले प्रतिस्पर्धा चलिरहेको हुन्छ । यही प्रतिस्पर्धाले नेपाली प्रेसलाई गतिशील बनाइराख्न प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गरेको छ । प्रेस स्वतन्त्रताको उपभोग गर्दै र नागरिक तथा देश दुवैप्रति जवाफदेही बन्दै यहाँका संचार माध्यमले उद्योगको रुपमा विकास गरेको तथ्य हाम्रोसामु छ ।

नेपाली संचार माध्यममा खरबौंको लगानी छ र लाखौँले रोजगारी पाएका छन् । धेरैलाई आत्मनिर्भर बनाएको छ । धेरैलाई स्वरोजगार बनाएको छ । संचार माध्यमका सबै प्रचलित स्वरुप यहाँ चलिरहेका छन् । देशभरबाट हजारौं अखबार प्रकाशित भएको पाइन्छ । दैनिक, अर्धसाप्ताहिक, साप्ताहिक, अर्धमासिक, मासिक, द्वैमासिक, त्रैमासिक गरी अनेक किसिमका पत्रपत्रिकाहरु प्रकाशन भइरहेका छन् । यसै गरी हजारौं अनलाइनहरु संचालनमा रहेका छन् ।

साथमा टेलिभिजन र रेडियो स्टेशनहरुको संख्या पनि हजार जति हुनुपर्छ । अझै एक कदम अगाडि बढेर युट्युबमा पनि विभिन्न च्यानलहरु संचालन गरिएका छन् । अन्य माध्यमले पनि संचार माध्यम संचालनमा रहेका छन् । यसरी देशमा स्वतन्त्र प्रेस रहँदा प्रेसले एकातिर उद्योगको रुपमा आफूलाई उभ्याउन सफल भएको छ भने अर्कोतिर नेपाली नागरिकलाई छानी छानी र रोजी रोजी संचार माध्यमबाट आफूलाई सुसूचित गर्ने अवस्था सिर्जना भइसकेको छ । यति मात्र होइन, जसरी वा जुन माध्यमले आफूलाई आफ्नो विचार प्रवाहमा सहज अनुभूति हुन्छ, सो प्रकृतिको संचार माध्यममा सम्बन्धितको सहज पहुँच सुलभ भएको छ । यही सुलभताले संचार माध्यमसित सर्वसाधारण पनि जुटिरहन सकेका छन् । संचार माधयमभन्दा टाढा यहाँका नागरिक जान चाहँदैनन् । गइरहन खोज्दैनन् । यही भरोसा तथा विश्वसनीयताको आधारमा यहाँको प्रेस स्वतन्त्रताप्रति नकारात्मक धारणाको विकास हुन सकेको छैन । केही असन्तुष्टिहरु होलान् तर असन्तुष्टिलाई पोख्ने सशक्त माध्यमको रुपमा संचार क्षेत्र सक्षम रहेको छ । दक्षिण एसियाली देशहरुसितको तुलनामा नेपालको प्रेस स्वतन्त्र रहेको देखिन्छ ।

नेपाली नागरिकले प्रेस स्वतन्त्रताको मूल्य र महत्व बुझेको तथा नेपाली प्रेसले पनि प्रेस स्वतन्त्रतामा देखिएको बाधा र अवरोधलाई राम्ररी बुझेको छ । यही कारण यहाँको प्रेस विश्वसनीय बनेको छ । यति हुँदाहुँदै पनि प्रेसका आन्तरिक समस्याहरु भने रहिरहेकै छन् । कोरोना कालअघि र कोरोना कालपछिको अवस्थामा प्रेसलाई तुलना गर्ने हो भने अहिले पनि नेपालको प्रेस स्वतन्त्र त छ तर समस्या भने कम भएको छैन । नेपाली अर्थतन्त्रको प्रभाव यहाँको प्रेसमा पनि परेको छ । प्रेसमाथि कुनै हस्तक्षेप अहिलेको अवस्थामा देखिँदैन तर अर्थतन्त्रको कारणले अन्य क्षेत्र प्रभावित भएसँगै यहाँको प्रेसमा पनि प्रभाव परेको छ । प्रेसले पनि कोरोना कालको मूल्य चुकाइरहेको छ । पहिलेजस्तो अहिले पनि यहाँको प्रेसले विज्ञापन पाउन सकेको छैन, पाठक पाउन सकेको छैन । यद्यपि अनलाइन तथा सामाजिक संजालमा भने प्रेसको मुहार केही हँसिलो देखिएको छ तर रोजगारीको दृष्टिकोणले मात्र नभई आयको दृष्टिकोणले पनि अलिक खुम्चिएकै अवस्था विद्यमान छ । पुराना तथा स्थापित प्रेसकर्मीहरुको पछिल्लो आर्थिक अनुभव सन्तोषजनक रहेको पाइँदैन । कतिपय संचार माध्यमहरुले आफूलाई पहिलेकै अवस्थामा पुर्‍याउन अहिले पनि संघर्ष गरिरहनु परेको छ ।

समस्या र पीडा हुँदाहुँदै पनि आवरणमा आफूलाई सुन्दर देखाउने काम भने कतिपय संचार माध्यमले अहिले पनि गरिरहेको यथार्थ छ । वर्तमान कठिन अवस्थालाई पनि विस्तारै हाम्रो प्रेसले पार गर्दै पुरानो लयमा पुनः फर्किने आशा गर्न सकिन्छ ।

र, यो आशा पनि गर्न सकिन्छ कि हाम्रो प्रेसले निरन्तर सर्वसाधारण नागरिकको आवाजलाई बुलन्द पार्ने आफ्नो अभिभारालाई धर्म मानेर उत्कृष्टतापूर्वक निर्वाह गर्दै आफूलाई निरन्तर सक्षम साबित गरिरहने छ । आफ्ना कतिपय कमी कमजोरीलाई सच्याउँदै विश्वास आर्जन गरिरहनमा अग्रसर रहनेछ ।

# कस्तो मौद्रिक नीति पर्खंदैछन् अर्थमन्त्री ?



**काठमाडौं ।** नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षाको तयारी गरिरहँदा अर्थमन्त्री डा. प्रकाशशरण महत राष्ट्र बैंकमाथि सार्वजनिक रुपमै दबाब बढाइरहेका छन् । आफूले दिएका सुझाव समटेर मौद्रिक नीति आउने प्रतिक्षामा रहेको बताएर उनले राष्ट्र बैंकलाई सार्वजनिक मञ्चबाटै झकझकाइरहेका छन् ।

'अहिले खुकुलो मौद्रिक नीति जरुरी छ । यो कुरा मैले राष्ट्र बैंकको नेतृत्व (गभर्नर) लाई भनेको छु,' राजस्व नीति तर्जुमाबारे विराटनगरमा कोशी प्रदेशस्तरीय कार्यक्रममा बोल्दै अर्थमन्त्री प्रकाशशरण महतले भनेका छन्, ' उहाँले यसलाई गम्भीरताका साथ लिएको र चाँडै एउटा निर्णयमा पुग्ने विश्वास दिलाउनु भएको छ, म पर्खेर बसेको छु ।' महतले यसअघि पनि पटक-पटक मौद्रिक नीतिका व्यवस्थामा सुधार आवश्यक रहेको बताउँदै आएका छन् ।

यही बेला राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग मौद्रिक नीति समीक्षाको लागि विभागीय सुझाव संकलनमा व्यस्त छ । यसकै कारण मौद्रिक नीतिको समीक्षा प्रतिवेदनमा अर्थमन्त्रीको चाहाना पनि प्रतिबिम्वित हुनसक्ने आकलन निजी क्षेत्रको समेत छ।अर्थमन्त्रीसँग छलफलमा रहेकोहरु ब्याजदर घटाएर रियल स्टेट र सेयर बजारलाई चलायमान नबनाउँदासम्म आर्थिक गतिविधि बढ्दैन भन्ने निष्कर्षमा अर्थमन्त्री पुगेको बताउँछन् । त्यसैका आधारमा अर्थमन्त्रीले राष्ट्र बैंकसँग मौद्रिक नीतिलाई समीक्षा गर्न दबाब बढाएको हुनसक्ने अधिकारीको आकलन छ ।

मार्जिन प्रकृतिको सेयर धितो कर्जामा १२ करोडको सीमा बढाउनुपर्ने, जोखिम भार घटाउनुपर्ने, रियल स्टेटलाई चलायमान बनाउन नेपाल राष्ट्र बैंकले धितो सुरक्षणको वास्तविक मूल्य र कर्जाको अनुपातका र कर्जाको जोखिम भार घटाउनुपर्नेमा अर्थमन्त्रीको जोड रहेको स्रोतको दाबी छ । यसमा गभर्नरले सहयोग गरुन् भन्ने अर्थमन्त्रीले चाहेको अर्थ मन्त्री निकक एक अधिकारीले बताए ।निजी क्षेत्रले पनि अर्थमन्त्रीसँगको भेटमा मार्जिन प्रकृतिको सेयर धितो कर्जामा १२ करोडको सीमा हटाउन सके बैंक र व्यवसायीहरु भएको नगद प्रवाहको समस्या समेत समाधान हुने भन्दै विश्वास दिलाएका छन् । 'अहिले सेयर बजार र रियल स्टेटलाई भाइब्रेन्ट बनाउन बैंकहरुले ऋण लगानी गर्नुपर्छ । त्यसको सहजीकरण गर्नुपर्छ भन्ने अर्थमन्त्रीको भनाइ हो' स्रोतले भन्यो ।अर्थमन्त्रीको चाहानाअनुसार सेयर बजार र रियलस्टेटलाई लक्षित गरेर जोखिम भार नै घटाउन र कर्जालाई धैरै सहज बनाउन राष्ट्र बैंकको अधिकारीहरु भने सकारात्मक छैनन् । कर्जाको जोखिम भार तथा कर्जाको सीमा जस्ता विषय मौद्रिक नीतिको नभई नियामकीय नीतिको भएको उनीहरु बताउँछन् ।राष्ट्र बैंकको मौद्रिक नीतिको निर्माणमा काम गरिसकेका एक अधिकारीहरु ब्याजदर करिडोर अन्तरगतका दरहरु, अनिवाय नगद मौज्दात (सीआरआर) र वैधानिक तरलता अनुपात (एसएलआर) ले नै मौद्रिक नीति कसिलो र खुकुलो भन्ने निर्धारण गर्ने बताउँछन् ।' लचिलो मौद्रिक नीतिले यसको घट्दो दरमा पुनरावलोकन खोज्छ । सीआआर र एसएलआरको दर र नीतिगत दरहरु घटाउँदा मोद्रिक नीति लचिलो हो' उनले भने ।

मौद्रिक नीतिको औजारहरु अर्थतन्त्रको आवश्यकता अनुसार हेरफेर गर्न सकिने भएपनि नियामकीय औजाहरु भने चलाइरहन नहुने अधिकारीहरु बताउँछन् । ब्याजदर घटाउन पर्छ भन्ने हो भने नीतिगत दरहरु घटाउनुपर्ने उनीहरुको मत छ । उनीहरुका अनुसार यस्तै सीआरआर तथा एसएलआर समेत घटाएर तरलता प्रवाह बढाउन सकिन्छ, जुन लचिलो मौद्रिक नीतिको स्वरुप हो ।नियामकीय व्यवस्थाहरु चलाउँदा सीमित अवधिमा नीति निर्मातालाई लोकप्रिय बनाएपनि अर्थतन्त्रको चक्रमा दीर्घकालीन रुपमा सबैलाई हानी गर्ने राष्ट्र बैंकका अधिकारीहरु दाबी गर्छन् ।

राष्ट्र बैंकले मार्जिन प्रकृतिको सेयर धितो कर्जामा १५० प्रतिशत जोखिम भार तोकेको छ । अहिले बैंकहरुमा प्राथमिक पूँजीकोषको दवाब रहेकाले जोखिम भार उच्च हुँदासम्म बैंकहरुले उक्त क्षेत्रमा कर्जा लगानी गर्ने अवस्था नभएको केन्द्रीय बैंकका अधिकारीहरु बताउँछन् ।जग्गा र सेयरको कारोबार प्रोत्साहन-निरुत्साहन हुने गरी पटक-पटक नीति फेरबदल गर्नु उचित नहुने राष्ट्र बैंकको निष्कर्ष छ । राष्ट्र बैंकले आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत मार्जिन प्रकृतिको सेयर धितो कर्जा, जग्गा प्लटिङ सम्बन्धी रियल स्टेट कर्जाको जोखिम भार बढाएको थियो । अहिले जग्गा प्लटिङ सम्बन्धी रियल स्टेट कर्जामा पनि १५० प्रतिशत जोखिम भार कायम छ । अघिल्लो वर्षसम्म धितो मूल्यांकन र कर्जाको अनुपात उपत्यकामा ५० प्रतिशत र उपत्यकाबाहिर ६० प्रतिशतसम्म थियो । चालु आर्थिक वर्षदेखि रियल स्टेट कर्जाको धितो सुरक्षणको वास्तविक बजार मूल्यको उपत्यकामा ३० प्रतिशत र उपत्यका बाहिर ४० प्रतिशत मात्रै कर्जा लगानी गर्नसक्ने व्यवस्था गरिएको छ ।

राष्ट्र बैंकले घरजग्गाको कारोबारमा प्रवाह हुने कर्जामा कडाइ गर्दा जग्गाको कारोबार प्रभावित भएको व्यवसायीको दाबी छ ।जोखिम भार बढी र धितो मूल्यांकन र कर्जाको अनुपात हुँदा बैंकहरुले सहज रुपमा कर्जा लगानी गर्न नसकेको र ऋणीलाई समेत समस्या भएको घरजग्गा व्यवसायीहरु बताउँछन् । 'आर्थिक गतिविधि बढाउने हो भने ब्याजदर घटाउन नीतिगत दरहरु घटाउँदै तरलता छोड्ने नीति लिनुपर्छ,' स्रोतले भन्यो,' अर्थतन्त्र चलायमान बनाउने नाममा सेयर र जग्गामा आँखा लगाउने हैन ।' अहिले बैंकहरुले निक्षेपको ब्याजदर घटाएकाले त्यसको प्रभाव बजारलाई देखाउन मौद्रिक नीतिको औजार नै चालउनुपर्ने राष्ट्र बैंकका अधिकारीहरु बताउँछन् ।नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रमुख डा. प्रकाशकुमार श्रेष्ठ भने तथ्यांकले संकेत गरेअनुसार मौद्रिक नीति तर्जुमा हुने बताउँछन् । तथ्यांकले माग्दा नीतिहरु कसिलो हुने र आवश्यकताअनुसार त्यसलाई लचिलो बनाउने उनको तर्क छ । 'नियामकीय व्यवस्थाहरु भने चलाइरहनु हुँदैन । यसले कसैलाई पनि लाभ गर्दैन' उनले भने ।

सोमबार राष्ट्र बैंकको ६८ औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रमा गभर्नर महाप्रसाद अधिकारीले आर्थिक सूचकहरु सकारात्मक रहेको भन्दै लचिलो मौद्रिक नीतिको तयारीको संकेत गरका थिए । बाह्य क्षेत्र सुविधाजनक बन्दै गएको र मुद्रास्फीति पनि घट्दो क्रममा रहेको तथा तरलता दबाब कम भएर ब्याजदर घट्दो क्रममा रहेको बताए ।

अहिलेसम्म राष्ट्र बैंक अर्थतन्त्र मन्दीमा गएको मान्न तयार भने छैन । 'आर्थिक मन्दी हुन लगातार दुई त्रैमासम्म अर्थतन्त्रमा नेगेटिभ ग्रोथ हुनपर्छ ,' गभर्नर अधिकारीले बुधबार राजधानीमा अर्को एक कार्यक्रममा भनेका थिए,' तर चालु आर्थिक वर्षको प्रथम त्रैमासमा सामान्य वृद्धि भएको छ । हामी ४ प्रतिशत भन्दा माथिको आर्थिक वृद्धिको अनुमान गरिरहेका छौं, अहिले आर्थिक गतिविधि केही कमजोर भएको हो ।' उनले निजी क्षेत्रमा ओभरफाइनान्स भएर कर्जाको माग नभएको तर्क गरे ।

यसले पनि गभर्नर अधिकारी मौद्रिक औजार लचिलो बनाउन तयार रहेको संकेत गरेको छ । तर, नियामकीय पोलिसीलाई लचिलो बनाएर 'इजी फाइनान्सिङ' लाई प्रवर्द्धन गर्न राष्ट्र बैंक तयार नभएको गभर्नरको संकेत छ ।

# १९ प्रतिशत उद्योगमा भारतीय श्रमिक



**काठमाडौं ।** उद्योग/प्रतिष्ठानले प्रशिक्षार्थी श्रमिक राख्ने क्रम भने बढ्दै गएको छ । नेपाल ट्रेड युनियन महासंघले गरेको श्रम कानुन कार्यान्वयनको विद्यमान अवस्थाबारेको श्रम अडिट प्रतिवेदन २०७९ले तालिमी र प्रशिक्षार्थी श्रमिकको संख्या बढ्दो देखिएको ठहर गरेको छ ।उद्योग प्रतिष्ठानहरुमा १९.१५ प्रतिशत तालिमी श्रमिक र २.१५ प्रतिशत प्रशिक्षार्थी श्रमिक राखिएको अध्ययनको ठहर छ । 'तालिमी तथा प्रशिक्षार्थी श्रमिकलाई श्रमिकको वर्गीकरणमा भने समावेश गरिएको छैन । तालिमी र प्रशिक्षार्थी श्रमिकहरूको अधिक प्रयोग गरी श्रम शोषणको नयाँ रुप विकास हुँदै गएको तथ्यले देखाउँछ,' प्रतिवेदनमा भनिएको छ ।

प्रतिवेदनले योगदानमा आधारित समाजिक सुरक्षाका कारण रोजगारदाता र श्रमिकबीच हुने विवाद कम भएको पाइएको ठहर गरेको छ । योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमले उद्योग/प्रतिष्ठानमा रोजगारदाता र श्रमिकबीच हुने श्रम विवाद घटेको पाइएको हो ।प्रतिवेदनअनुसार यो वर्ष श्रम अडिट भएको उद्योग/प्रतिष्ठानमध्ये १३.९७ प्रतिशतमा मात्र श्रमिकले व्यक्तिगत मागदाबी पेस गरेका छन् । २०७५ सालमा यस्तो संख्या २७.१२ प्रतिशत थियो । 'यो वर्ष २६.०८ प्रतिशत प्रतिष्ठानमा सामूहिक मागदाबी पेस भएको छ । जबकी २०७६ सालमा ४०.४८ प्रतिशत प्रतिष्ठानमा सामूहिक मागदाबी र सम्झौता भएको थियो,' प्रतिवेदनमा भनिएको छ । तीन वर्षको बीचमा कम भएको माग दाबीले योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको प्रभावकारिता देखाएको जिफन्टको दाबी छ । १४५ वटा उद्योग/प्रतिष्ठानका श्रमिकहरूलाई समेटेर यस्तो श्रम अडिट गरिएको थियो । श्रम अडिट भएका प्रतिष्ठानमध्ये ६५ प्रतिशतले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध भएका थिए । त्यसमध्ये जम्मा ५६ प्रतिशतले मात्र योगदान रकम जम्मा गर्ने गरेको पाइएको छ । कोषमा पञ्जीकरण गरेका ११ प्रतिशत उद्योग प्रतिष्ठानले योगदान रकम जम्मा नगरेको भेटिएको छ ।प्रतिवेदनले भारतीय विदेशी श्रमिक राख्ने क्रम पनि बढेको देखाएको छ । १९.१६ प्रतिशत उद्योगले राखेका ८० प्रतिशत भारतीय र विदेशी श्रमिकले श्रम इजाजत नलिएको प्रतिवेदनमा उल्लेख छ ।अहिले पनि १५.३० प्रतिशत श्रमिकहरूले न्यूनतम पारिश्रमिक नपाएको अध्ययनको निचोड छ । वार्षिक ग्रेडका आधारमा पारिश्रमिक बढ्नको सट्टा घटिरहेको प्रतिवेदनमा उल्लेख छ ।

# निर्यात खुम्चिएपछि घट्यो खानेतेलको मूल्य

**काठमाडौं ।** भारततर्फको निर्यात खुम्चिएपछि खानेतेलको मूल्य धमाधम घट्न थालेको छ । भारतले सन् २०२२ मे महिनामा कच्चा खानतेलको भन्सार महसुल शून्य बनाएपछि नेपालतर्फको निर्यात प्रभावित बनेको छ । यससँगै, लामो समयदेखि भारततर्फ खानेतेल निर्यात गरिरहेका व्यवसायीले स्वदेशी बजारमा मूल्य घटाउन थालेका हुन् । भारतले सन् २०२४ सम्म लागू हुने गरी कच्चा खानेतेलको भन्सार महसुल शून्यमा झार्दै गूड्स एण्ड सर्भिस ट्याक्स ५ प्रतिशत काम गरेको थियो ।

उद्योगीले रुस-युक्रेन युद्धलाई कारण देखाउँदै खानेतेलको मूल्यमा अचाक्ली वृद्धि गरेका थिए । तोरीको तेलको मूल्य बढेर प्रतिकार्टुन ३२ सय रुपैयाँसम्म पुगेको थियो । यस्तै, सूर्यमुखी र भटमास तेलको मूल्य प्रतिकार्टुन २५ सयदेखि २७ सय रुपैयाँसम्म पुगेको थियो । जुन, यति बेला निरन्तर घटेर डेढ वर्षअघिकै मूल्यमा बिक्री हुन थालेको हो ।नेपाल चामल, तेल, दाल उत्पादक संघका उपाध्यक्ष नरेश राठीले बजारमा धमाधम खानेतेलको मूल्य घट्न थालेको बताए । उनले यति बेला तोरीको तेलको मूल्य प्रतिकार्टुन २५ सय रुपैयाँसम्म आइपुगेको बताए । जुन, ७०० रुपैयाँ प्रति कार्टुनसम्मको गिरावट हो । यस्तै, बजारमा भटमास र सूर्यमुखी तेलको मूल्य घटेर प्रतिकार्टुन २ हजार रुपैयाँभन्दा तल आइपुगेको छ । 'अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य घट्नुका साथै भारतबाट समेत चोरी पैठारी हुन थालेको छ भने स्वदेशी उत्पादन समेत बजारमा आउँदा मूल्य प्रभावित बनेको छ,' राठीले भने । विदेशी बजारमा भटमास र सूर्यमुखीको मूल्य प्रतिटन १८ सय डलरसम्म पुगेको थियो । जुन, यति बेला घटेर १ हजार डलरसम्म आइपुगेको छ । यस्तै, विदेशी बजारमा यसअघि, प्रतिटन ८०० डलरसम्म पुगेको कच्चा तेलको मूल्य अहिले ६६० डलरमा आइपुगेको छ । यसबीचमा प्रतिटन १४० डलरसम्म घटेको उद्योगी बताउँछन् । यसैगरी, गेडा तोरीको मूल्य १४० रुपैयाँ प्रतिकिलोसम्म पुगेकोमा हाल घटेर १०० रुपैयाँसम्म आइपुगेको छ । खासगरी, स्वदेशी उत्पादन भित्रिएसँगै आन्तरिक बजारमा तोरीको मूल्य घटेको र अन्तर्राष्ट्रिय बजारमा समेत घट्दा स्वदेशी बजार प्रभावित बनेको हो । यससँगै, यसअघि थोक बजारमा ३५० रुपैयाँसम्म पुगेको तोरीको तेलको मूल्य यति बेला प्रतिलिटर २५० रुपैयाँसम्म आइपुगेको छ । यस्तै, यसअघि थोक बजारमा २१० रुपैयाँदेखि २३० रुपैयाँसम्म पुगेको भटमास र सूर्यमुखी तेलको मूल्य प्रतिलिटर १९० देखि १९५ रुपैयाँ प्रतिलिटरसम्म आइपुगेको छ । यससँगै, तोरीको तेलको खुद्रा मूल्य प्रतिलिटर ३०० र भुटेको तोरीको तेलको मूल्य प्रतिलिटर ३५० रुपैयाँमै पाइन थालेको छ । यस्तै, भटमास तेलको मूल्य प्रतिलिटर २२० र सूर्यमुखी तेलको मूल्य २४० रुपैयाँ प्रतिलिटरसम्म झरेको नेपाल खुद्रा व्यापार संघले जनाएको छ ।'अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य घटेपछि नेपाली बजारमा पनि घटेको छ,' संघका महासचिव अमूलकाजी तुलाधारले भने, 'यसबाहेक, उद्योगीले पठाएको मूल्यमै आफूहरूले तेल बेच्ने गरेको र यति बेला घटाएर पठाएका छन् ।'

# नेपालको आर्थिक वृद्धिदर २.१६ प्रतिशत मात्रै हुने



**काठमाडौं ।** राष्ट्रिय तथ्यांक कार्यालयले चालु आर्थिक वर्ष २०७९/८० मा मुलुकको आर्थिक वृद्धिदर २.१६ प्रतिशत मात्र कायम हुने अनुमान गरेको छ ।

सरकारले चालु आर्थिक वर्षका बजेटमा ८ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य लिएको थियो । तर, मंगलबार तथ्यांक कार्यालयले आर्थिक वृद्धिदर २.१६ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको हो । उपभोक्ता मूल्यमा १.८६ प्रतिशत आर्थिक वृद्धि रहने कार्यालको अनुमान छ । नेपालको अर्थतन्त्रको आकार आर्थिक वर्ष २०७९/८० मा ५३ खर्ब ८१ अर्ब पुग्ने कार्यालयको अनुमान छ। आर्थिक वृद्धिको यो अनुमान एसियाली विकास बैंक र विश्व बैंकले गरेको अनुमान भन्दा कम हो ।

यसअघि एसियाली विकास बैंक र विश्व बैंकले सन् २०२२/२३ का लागि नेपालको आर्थिक वृद्धिदर ४.१ प्रतिशत हुने प्रक्षेपण गरेका थिए ।कोभिड-१९ का कारण आर्थिक वर्ष २०७६/७७ मा नेपालको आर्थिक वृद्धिदर २.४ प्रतिशतले ऋणात्मक भएको थियो ।

आर्थिक वर्ष २०७७/७८ मा ४.५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल भएकोमा गत आर्थिक वर्ष २०७८/७९ मा ५.३ प्रतिशत आर्थिक वृद्धिदर भएको केन्द्रीय तथ्यांक कार्यालयको तथ्यांक छ ।

# अमेरिकामा तेस्रो बैंकको टाट पल्टियो

**काठमाडौं ।** पछिल्लो २ महिनाको बीचमा अमेरिकामा तेस्रो बैंक टाट पल्टिएको छ। सन् १९८५ मा स्थापना भएको फर्स्ट रिपब्लिक बैंक टाट पल्टिएपछि नियामक निकायले स्वामित्व नियन्त्रणमा लिएर जेपी मोर्गन चेजलाई बिक्री गरेको न्यूयोर्क टाइम्सले उल्लेख गरेको छ ।




फर्स्ट रिपब्लिक बैंक अमेरिकाको १४औं सबैभन्दा ठूलो बैंक थियो । बैंकलाई नियामकीय निकाय फेडरल डिपोजिट इन्स्योरेन्स कर्पोरेशनले नियन्त्रणमा लिएर जेपी मोर्गनलाई हस्तान्तरण गरेको न्यूयोर्क टाइम्सले उल्लेख गरेको छ ।

१३ अप्रिल २०२३ सम्म, फर्स्ट रिपब्लिक बैंकको कुल सम्पत्तिमा लगभग २२९.१ बिलियन डलर र कुल निक्षेपहरूमा १०३.९ बिलियन थियो । सबै निक्षेपहरू ग्रहण गर्नुको अतिरिक्त, जेपी मोर्गन चेस बैंक, नेशनल एसोसिएसन, फर्स्ट रिपब्लिक बैंकको सबै सम्पत्तिहरू खरिद गर्न सहमत भएको फेडरल डिपोजिट इन्स्योरेन्स कर्पोरेशनले उल्लेख गरेको छ ।फेडरल डिपोजिट इन्स्योरेन्स कर्पोरेशन र जेपी मोर्गन चेस बैंकबीच बैंक टाट पल्टिएपछिको अवस्थामा हुने घाटा दुवैले व्यहोर्ने सममति भएको जनाएको छ ।

फेडरल डिपोजिट इन्स्योरेन्स कर्पोरेशन र जेपी मोर्गन चेस बैंकबीच फर्स्ट रिपब्लिक बैंकको स्वाीत्व लिएपछिको घाटा संयुक्र रुपमा बहन गर्ने सम्झौताले कभर गरिएको ऋणमा घाटा र सम्भावित रिकभरीहरू साझा गर्ने जनाइएको छ । उक्त घाटा संयुक्त रुपपमा बहन गर्नेगरी भएका कारोबारले सम्पत्तिलाई निजी क्षेत्रमा राखेर अधिकतम रिकभरी गर्ने प्रक्षेपण गरिएको फेडरल डिपोजिट इन्स्योरेन्स कर्पोरेशनले उल्लेख गरेको छ ।

मार्चमा अमेरिकामा ठूला बैंकहरूको समूहले फर्स्ट रिपब्लिकन बैंकलाई स्थायित्व दिनका लागि ३० अर्ब अमेरिकी डलर उपलब्ध गराएका थिए । तर त्यसले टाट पल्टिनबाट रोक्न भने सकेन । जेपी मोर्गनले भने अब उक्त ३० अर्ब डलर फिर्ता हुने बताएको छ । समग्रमा, फर्स्ट रिपब्लिकन बैंक २००८ को वित्तीय संकटमा असफल भएको वासिंगटन म्युचुअल पछि टाट पल्टिने दोस्रो ठूलो बैंक रहेको न्यूयोर्क टाइम्सले उल्लेख गरेको छ । २०२३ को पहिलो ३ महिनामा मात्रै १०२ बिलियन अमेरिकी डलर निक्षेप झिकेको खुलासा फर्स्ट रिपब्लिकले गरेको थियो ।अमेरिकामा गत मार्चमा सिलिकन भ्याली बैंक र सिग्नेचर बैंक टाट पल्टिएको थियो । जसले बैंकिङ संकट उत्पन्न हुने शंका गरिएको थियो । फस्ट रिपब्लिक बैंकको पनि सिलिकन भ्याली बैंकको जस्तै स्टार्टअपमा बढी लगानी रहेको न्यूयोर्क टाइमम्सले उल्लेख गरेको छ ।

# 'स्ट्रिट फुड' प्रिन्टिङ पेपरमा प्याक गर्न प्रतिबन्ध लगाउने

**काठमाडौं ।** सरकारले सडक खाद्य बस्तु (स्ट्रिट फुड) प्रिन्टिङ पेपरमा प्याक गर्न प्रतिबन्ध लगाउने तयारी गरेको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागकी महानिर्देशक डा. मतिना जोशी बैद्यले स्वास्थ्यका लागि खतरनाक असरपार्ने रसायनहरु सो पेपरमा हुने भएकाले स्ट्रिट फुड प्याक गर्ने काममा त्यसलाई प्रयोग गर्न प्रतिबन्ध लगाउने गरी कार्यविधि निर्माणको काम सुरु गरिएको बताएका हुन् । मंगलबारबाट काठमाडौंमा सुरु भएको खाद्य स्वच्छतासम्बन्धि प्रशिक्षण कार्यक्रममा बोल्दै उनले सस्तो र मिठो हुने भएकाले स्ट्रिट फुडको उपयोग बढ्दै गईरहेको उल्लेख गर्दै त्यसमा स्वच्छता ल्याउन सरकारले प्रिन्टिङ पेपरको प्रयोगमा प्रतिबन्ध लगाउन चाहेको पनि स्पष्ट पारे । महानिर्देशक बैद्यले स्ट्रिट फुड र तरकारी तथा फलफूल बजारलाई स्वच्छ राख्नका लागि सरकारले जनचेतनामूलक कार्यक्रमलाई पनि स्थानीय तहहरुसँग मिलेर अघि बढाएको बताए ।

उनले भने, 'केही सस्तो र मिठो खाजाको रुपमा चाँही स्ट्रिट फूडहरु एउटा राम्रो अल्टरनेटिभ हो । सबै जनाले फाईन डाईनिङ मात्रै गर्न सक्दैन ।

त्यसकारणले त्यो स्ट्रिट फुड चाँही फुड प्वाईजनिङ हुनु भएन । यसलाई सुधार गर्नु अत्यन्तै जरुरी छ । हामीले केही अगाडि देखिनै विभागबाट पनि यसको एउटा कार्यविधि बनाऊ । र, कार्यविधिमा अहिले हामीले तुरुन्तै गर्न सक्ने एउटा कुरा चाँही टडकारो रुपमा देखिएको र खड्केको कुरा चाँही जुन न्युज पेपरहरुमा चटपटे, पानीपुरी लगायतको प्याक गरेर खाने जुन चलन छ । त्यसलाई तुरुन्तै हटाउनुपर्ने देखिन्छ । मालपुवा, सेलरोटीहरु पनि त्यही प्रिन्टेड कागजमा नै पोको पारेर दिने चलन छ ।

र, हामी त्यसरी समोसाहरु पनि खाईराखेका हुन्छौं । फुड प्वाईजन हुने भएकाले हामीले त्यसलाई नियन्त्रण गर्नका लागि तुरुन्तै प्रतिबन्ध लगाउनुपर्ने देखिन्छ । यसमा अवेयर पनि गराउने र क्रमशः यसलाई हामीले प्रतिबन्ध लगाएर खाद्य ऐन बमोजिम यस्तो हानिकारक चिजहरुलाई हामी प्रतिबन्ध लगाउन सक्छौं । र, त्यो बाटोमा पनि हामी लाग्नुपर्ने देखिन्छ ।'

खाद्य स्वच्छताका लागि स्ट्रिट फुड र तरकारी तथा फलफूल बजार अनुगमनको कामलाई अझै तीव्रता दिन लागिएको पनि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जनाएको छ ।

# सूचना, सञ्चार प्रविधिको विकास उच्च प्राथमिकतामा छ : मन्त्री शर्मा

*'सुरक्षित सूचना प्रविधि, सुशासन र समृद्धि' भन्ने मूल नाराका साथ राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस (आइसिटी डे) मनाइएको छ। हरेक वर्ष मे २ मा आइसिटी डे मनाइँदै आएकामा नेपालमा निजी र सरकारी तवरबाट यो दिवस मनाइएको छ। २०७४ जेठ १९ गते बसेको मन्त्रिपरिषद्बाट निर्णय भएअनुसार प्रत्येक वर्ष मे २ मा राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस मनाउन थालिएको हो। सुशासन, दिगो विकास एवम् गरिबी न्यूनीकरणका लक्ष्य हासिल गर्ने उद्देश्य प्राप्तिका लागि यस दिवसको सान्दर्भिकता अझ बढिरहेको छ।*



सञ्चार तथा सूचना प्रविधिले विश्वलाई नै एउटा गाउँका रूपमा परिणत मात्र गरिदिएको छैन, मानव जीवनलाई सहज, सरल र समृद्ध बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। प्रविधिको उपयोगलाई बढी विश्वसनीय, सुरक्षित र पहुँचयोग्य बनाएर आम नागरिकलाई विद्युतीय माध्यमबाट सरल, सहज, सुलभ तथा विश्वसनीयरूपमा सेवा उपलब्ध गराउनुपर्ने आवश्यकता रहेको छ। सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगसँगै यसलाई व्यवस्थित गर्न वर्तमान सरकारले नीतिगत एवम् विभिन्न कार्यक्रमहरूको कार्यान्वयनमा जोड दिएको छ। सूचना प्रविधिको क्षेत्रमा लगानीको वातावरण सुधार गर्न, ज्ञानमा आधारित समाज तथा डिजिटल साक्षरतामा जोड दिइएको सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बताएकी छन्।

**सूचना प्रविधि क्षेत्रको विकासका लागि सरकारले कस्ता प्राथमिकता निर्धारण गरेको छ ?**

आज हामी सूचना प्रविधि दिवस मनायौँ।

सूचना प्रविधिको क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर त्यसको विकास र समृद्धिका विषयलाई सँगसँगै अगाडि बढाएका छौँ। पछिल्लो समयमा सूचना र प्रविधि आधारभूत आवश्यकता बन्न पुगेको छ। कुनै समय विलासी लाग्ने यो विषय आजको दिनमा आइपुग्दा आधारभूत आवश्यकता महत्वको बनेको छ।

खासगरेर कोभिड महामारीपछि हाम्रो देशमा पनि सूचना प्रविधिको बहुआयामिक प्रयोग बढेको छ। त्यसकारणले गर्दा सूचना प्रविधिलाई सम्पूर्ण राष्ट्रले महत्वका साथ हेर्नुपर्छ भन्नेमा नीतिगतरूपमा आउँदो नीति कार्यक्रम र बजेटमा यस विषयमा केही व्यवस्था गरिनेछ।

सूचना र प्रविधिका क्षेत्रलाई हिजो अलि फरक ढङ्गबाट सोचियो। सुर्तीजन्य पदार्थ र मदिराको कर र सूचना प्रविधिसँग सम्बन्धित सामग्री खरिद गर्ने करको दर एउटै रहेको छ।

> इन्टरनेट सस्तो र गुणस्तरीय हुनुपर्छ। ब्याण्डविथ विदेशबाट किनेर ल्याउनुपर्दा महँगो भएको अवस्था छ। समुद्रसम्म नेपालको आफ्नै अप्टिकल फाइबर बिछ्याउन सक्ने हो भने इन्टर नेटको शुल्क धेरै नै कम हुनसक्छ। थोरै सेवा दिएर धेरै शुल्क लिनेभन्दा पनि धेरै सेवा दिएर कम शुल्क लिँदा सेवा प्रदायकलाई पनि फाइदा नै हुन्छ। इन्टर नेटलाई सुलभ बनाउनुपर्छ भन्ने विषयमा छलफल भइरहेको छ। इन्टरनेट सस्तो बनाउन नीतिगत, कानुनी र व्यवहारि करूपमा छलफल गरिरहेका छौँ।

विगतमा राज्यको आँखाले सूचना र प्रविधिलाई आधारभूत आवश्यकताको दृष्टिकोणबाट हेर्न सकेनछौँ। यसलाई मिलाउनुपर्ने देखिएको छ। आउँदो नीति कार्यक्रम बजेटमा पनि यी विषयलाई प्राथमिकताका साथ लैजानुपर्छ भनेर छलफल गरिरहेका छौँ। सूचना प्रविधिसँग सम्बन्धित आवश्यक ऐन, कानुन छैनन्, ती ऐन, कानुनलाई बदलिँदो परिस्थितिअनुसार अगाडि बढाउनुपर्छ। सूचना प्रविधिको क्षेत्रमा कानुनी व्यवस्था गर्नुपर्छ भनेर हामीले सोहीअनुसार काम गरिरहेका छौँ। त्यसैले अहिले मन्त्रालय सूचना प्रविधि ऐनको तयारी गरिरहेको छ। दूरसञ्चार क्षेत्रसँग सम्बन्धित विधेयकहरू तयारीका क्रममा छौँ।

**सूचना प्रविधि क्षेत्रको विकासमा कस्ता खालका चुनौती देखिएका छन् ?**

सूचना प्रविधिको क्षेत्रमा ठूलो सम्भावना रहेको छ। सूचना र प्रविधिको हरेक क्षेत्रमा प्रयोग गर्नुपर्ने हो। हामीले त्यसरी सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोग गर्न सकेका छैनौँ। पहुँच पनि वृद्धि गर्न सकेका छैनौँ। आम जनताको पहुँचमा पुऱ्याउन सकेका छैनौँ।

हाम्रासामु पहिलो चुनौती यो नै रहेको छ। अर्को कुरा सूचना र प्रविधिसँग सम्बन्धित जनशक्ति निर्माण गर्ने र जनशक्तिलाई देशमा राख्ने खालको नीतिगत व्यवस्था हामीले गर्न सकेका छैनौँ। ती जनशक्ति 'आउट सोर्सिङ' गरेर ल्याउनुपर्ने अवस्था छ।

हामीले देशमा दक्ष जनशक्ति उत्पादन गर्न नसकिरहेको अवस्था छ। अर्कातर्फ उत्पादित जनशक्तिलाई यहीँ राख्ने र उनीहरूको क्षमताको सदुपयोग गर्न नसकिएको महसुस भइरहेको छ। सूचना प्रविधिको क्षेत्रमा धेरै संरचनामा दोहोरोपन रहेको छ। संरचना विभिन्न बनेका छन्, तर कामको प्रकृति सबैको उस्तै प्रकारको छ। त्यसकारण संरचनागतरूपमा पनि यसलाई एकीकृत गर्नुपर्ने छ। देशमा प्राविधिक जनशक्ति उत्पादन गर्ने, उत्पादित जनशक्तिलाई सूचना प्रविधि क्षेत्रको विकास र समृद्धिमा अगाडि बढाउने विषयलाई अगाडि बढाउनुपर्ने चुनौती रहेछ।

सूचना प्रविधिको क्षेत्रमा लगानी गऱ्यो भने यस क्षेत्रले धेरै नै राजस्व दिने सम्भावना छ। देशको विकासमा यो क्षेत्र धेरै नै महत्वपूर्ण हो। महत्वपूर्ण हुँदाहुँदै पनि नीतिगत, कानुनी र बजेटको व्यवस्थाका कारणले गर्दा अहिले पनि सूचना प्रविधिको क्षेत्रमा अर्बौं मुद्रा विदेश पठाइरहनुपर्ने चुनौती छ। यस क्षेत्रको विकास गर्ने र कम्तीमा पनि देशभित्रै ती कामहरू गर्न सक्ने अवस्था बनाउने हो भने राजस्वमा उल्लेख्य वृद्धि हुनसक्छ। यो राष्ट्रियताको हिसाबले पनि महत्वपूर्ण छ।

सूचना प्रविधिसँग सम्बन्धित काम विदेशबाट गराउँदा हाम्रा तथ्याङ्कहरूको सुरक्षामाथि पनि प्रश्न उठेको छ। तथ्याङ्कको सुरक्षा गर्दै काम गर्नुपर्ने चुनौती पनि छ। साइबर अपराध नियन्त्रण, साइबर सुरक्षा र सरकारी डाटा सेन्टरको सुरक्षा अति संवेदनशील विषय भएकाले यसको सुरक्षामा विशेष ध्यान दिनुपर्ने भएको छ। यसका निम्ति समग्र नीतिगत, कानुनी, बजेट र कार्यक्रम, निर्णय, निर्देशिका, नियमावली सबै कुरामा यी विषयलाई विशेष ध्यान दिन जरुरी छ।

**डिजिटल नेपाल फ्रेमवर्कको अवधारणाअन्तर्गत काम भइरहेका छ, अहिलेको अवस्था के हो ?**

आजको युग सूचना तथा सञ्चार प्रविधिको युग हो। त्यसैले आधुनिक युगको मागअनुसार हरेक क्षेत्रलाई सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै मुलुकलाई समृद्धिको यात्रामा लैजान आवश्यक छ। 'समृद्धिको आठ स्तम्भ भनेर डिजिटल फ्रेमवर्कलाई मानेका छौँ। कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, दूरसञ्चार क्षेत्रको सुधार भनेर छुट्याइएको छ। यी क्षेत्रमा काम गर्न बजेटको व्यवस्था छ। तर अहिलेसम्म व्यवस्थित ढङ्गले काम अगाडि बढ्न सकेको रहेनछ। यो कामका लागि एउटा मात्र मन्त्रालयले गरेर हुँदो रहेनछ। धेरै मन्त्रालय जोडिएको छ। यसका निम्ति फ्रेमवर्कको संरचना बनेको छ, त्यसको नियमित ढङ्गले बैठक बस्न सकिरहेको छैन।

प्रधानमन्त्रीको नेतृत्वमा, मुख्यसचिवको नेतृत्वमा र सञ्चार मन्त्रालयका सचिवको नेतृत्वमा विभिन्न संरचना बनेका छन्। ती सबै संरचनाको बैठक बसाल्नेमा हामी प्रयासरत छौँ। बैठक बसेर फ्रेमवर्कको कार्यक्रमलाई अगाडि बढाउनुपर्छ भनेर कार्यक्रमको 'ब्रेक डाउन' गर्ने, बजेट छुट्याउने, विश्व बैंकलगायत विभिन्न विकास साझेदारसँग छलफल गरेर प्रभावकारी कार्यान्वयन गर्ने भन्ने विषयलाई पनि हामीले सोचिरहेका छौँ।

यो कार्यक्रम धेरै नै आवश्यक र राम्रो पनि छ। टेलिमेडिसिन, स्मार्ट विद्यालय, स्मार्ट कृषिका विषय यसमा आउन सक्छन्। यसकारण अन्तर मन्त्रालयगत छलफल चलाउन खोज्दैछौँ।यसलाई व्यवस्थित ढङ्गबाट लैजाने विषयमा प्रधानमन्त्रीसँग पनि छलफल र कुराकानी भइरहको छ। सरकारले 'डिजिटल नेपाल फ्रेमवर्क' को कार्यक्रमलाई प्रभावकारिताका साथ अघि बढाउने कामलाई तीव्रता दिएको छ।

> 'डिजिटल डिभाइड' कम गर्ने नीति सरकारको छ। पहुँच हुने र नहुनेबीचको दूरी कम गर्ने अहम् विषय छ। सरकारले नै पहुँच पुऱ्याइदिएर तथा सम्बन्धित व्यक्तिले डिभाइस प्रयोग गरेर पहुँचमा पुग्ने भन्ने कुरा छ। राज्यले सबैतिर सूचना प्रविधिको पहुँच पुऱ्याउनुपर्छ। कतिपय सन्दर्भमा यो व्यापार मात्र पनि होइन, सामाजिक उत्तरदायित्वअन्तर्गत दूरदराजका ठाउँमा सूचना प्रविधिको सेवा पुऱ्याउँदा व्यापारिक लाभ त हुँदैन तर त्यो जनसेवा हुन्छ। त्यसकारण जनसेवाका निम्ति पनि गर्नुपर्ने हुन्छ।

**सूचना प्रविधिको पहुँचलाई धेरै जनताको माझमा पुऱ्याउन सरकारको योजना के छ ?**

विगतदेखि नै नीति कार्यक्रममा सूचना प्रविधिको विषय समेटिएको छ। 'डिजिटल डिभाइड' कम गर्ने नीति सरकारको छ। पहुँच हुने र नहुनेबीचको दूरी कम गर्ने अहम् विषय छ। सरकारले नै पहुँच पुऱ्याइदिएर तथा सम्बन्धित व्यक्तिले डिभाइस प्रयोग गरेर पहुँचमा पुग्ने भन्ने कुरा छ। राज्यले सबैतिर सूचना प्रविधिको पहुँच पुऱ्याउनुपर्छ। कतिपय सन्दर्भमा यो व्यापार मात्र पनि होइन, सामाजिक उत्तरदायित्वअन्तर्गत दूरदराजका ठाउँमा सूचना प्रविधिको सेवा पुऱ्याउँदा व्यापारिक लाभ त हुँदैन तर त्यो जनसेवा हुन्छ। त्यसकारण जनसेवाका निम्ति पनि गर्नुपर्ने हुन्छ।

हामीले तीव्रताका साथ यसलाई अगाडि बढाउने र निकट भविष्यमा सबै गाउँपालिकामा पुऱ्याउने गरी सोच्दैछौँ। कहिले कानुनी अड्चनका विषय, कहिले प्राविधिक विषय आउँछन्। अहिले गण्डकी र लुम्बिनीमा युटिएलले अप्टिकल फाइबरको काम लिएको थियो।

काम पनि भएको छैन, अदालतमा मुद्दा छ। फैसला छिटो हुँदैन। यी कारणले पनि डिजिटल डिभाइड कम गर्ने सरकारको नीतिमा बाधा सिर्जना गरेको छ। न्यायालयसँग समन्वय गरेर, सेवाप्रदायक संस्थालाई दूरदराजका ठाउँमा केन्द्रित गराएर भए पनि डिजिटल डिभाइड कम गर्ने नीतिमा छौँ। त्यसका निम्ति आउँदो नीति कार्यक्रम र बजेटमा ध्यान दिन्छौँ।

**सूचना प्रविधिको क्षेत्रमा तत्कालै गर्नुपर्ने कामका प्राथमिकतालाई कसरी छुट्ट्याउनुभएको छ ?**

सूचना प्रविधिसँग सम्बन्धित कानुन छिटोभन्दा छिटो निर्माण गर्नुपर्ने छ। कानुनले नचिन्ने काम हामी गर्न सक्दैनौँ। साइबर सुरक्षा, अनलाइन मिडिया, सामाजिक सञ्जाललगायत विकसित सबै प्रविधिको यहाँ प्रयोग भइरहेको छ। तर त्यसलाई नियमन गर्ने, करको दायरामा ल्याउने काम समयमा गर्न नसक्दा सूचना प्रविधिको भरमग्दुर प्रयोग र दुरुपयोग भइरहेको छ। यी विषयमा सबैभन्दा पहिला कानुन बनाउन जरुरी छ। सूचना प्रविधि क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्ति हामीसँग छैन। भएका दक्ष जनशक्तिलाई सरकारी सेवालगायतमा आकर्षण गर्नेलगायत विषय प्राथमिकतामा पर्नुपर्छ।

सूचना प्रविधि क्षेत्रका कर्मचारीलाई समयानुकूल तालिमको व्यवस्था छैन। यस क्षेत्रका प्राविधिकलाई तालिम दिने प्रशिक्षण प्रतिष्ठान निर्माण गरेर सरकारी सेवामा प्रवेश गरेकालाई निरन्तर तालिम दिनुपर्छ। प्रविधिको क्षेत्र दिनप्रतिदिन विकसित भइरहेको छ। अहिले पढेर आएको व्यक्ति अर्को साल 'अपडेट' हुनैपर्छ। किनभने प्रविधिका क्षेत्रमा धेरै नयाँ विकास भइरहेका हुन्छन्। निरन्तर क्षमता अभिवृद्धिका कार्यक्रम, जनशक्ति उत्पादन गर्नुपर्ने विषय छ। बलिया संरचना छैनन्, छरिएर रहेका संरचनामात्र छन्। छरिएको संरचनालाई 'मर्ज' गरेर बलियो बनाउनुपर्ने आवश्यकता छ।

**नेपालमा सूचना प्रविधिको विकासको सम्भावना उच्च छ भनिन्छ, नेपाललाई 'आइसिटी हब'का रूपमा विकसित गर्ने सम्भावना कत्तिको देख्नुहुन्छ ?**

नेपालमा सूचना प्रविधि विकासको उच्च सम्भावना छ। सूचना प्रविधिको प्रयोग गर्न सक्यो भने यसले मुलुकको कुल गार्हस्थ्य उत्पादनमा उल्लेखनीय योगदान गर्न सक्छ। सेक्युरिटी प्रिन्टिङको कामका लागि जति मुद्रा विदेश पठाइरहेका छौँ, त्यो सबै यही रोक्न सकिन्छ। नोट छाप्न सकिने अवस्था रह्यो भने अर्बौं रकम जम्मा हुन्छ। नेपाललाई सूचना प्रविधिको 'हब' बनाउन एकपटक लगानी बढाएर जानुपर्छ।

**अझै इन्टनेट आम जनताको पहुँचमा पुग्न सकेको छैन। इन्टरनेटको शुल्क सस्तो बनाउन सरकारको योजना के छ ?**

इन्टरनेट सस्तो र गुणस्तरीय हुनुपर्छ। ब्याण्डविथ विदेशबाट किनेर ल्याउनुपर्दा महँगो भएको अवस्था छ। समुद्रसम्म नेपालको आफ्नै अप्टिकल फाइबर बिछ्याउन सक्ने हो भने इन्टरनेटको शुल्क धेरै नै कम हुनसक्छ। थोरै सेवा दिएर धेरै शुल्क लिनेभन्दा पनि धेरै सेवा दिएर कम शुल्क लिँदा सेवा प्रदायकलाई पनि फाइदा नै हुन्छ। इन्टरनेटलाई सुलभ बनाउनुपर्छ भन्ने विषयमा छलफल भइरहेको छ। इन्टरनेट सस्तो बनाउन नीतिगत, कानुनी र व्यवहारिकरूपमा छलफल गरिरहेका छौँ।

**पछिल्लो समय कृत्रिम बौद्धिकता (एआइ)को प्रयोग बढिरहेको छ, यसका बारेमा सरकारको बुझाइ के छ ?**

अब हामीले आर्टिफिसियल इन्टेलिजेन्सका बारेमा पनि सोच्नुपर्ने बेला आएको छ। यद्यपि हाम्रो देशको सन्दर्भमा त्यो भन्दा अगाडि धेरै काम गर्न बाँकी छ। दक्ष जनशक्ति उत्पादन गर्ने चुनौती छ। दक्ष जनशक्तिको उत्पादन, क्षमता अभिवृद्धि गर्दै गएर एआई प्रविधिमा पनि पुग्नुपर्ने छ। त्यसका बारेमा छलफल नै नभएको होइन, तर अहिले नै कार्यान्वयनको तहमा जाने गरेर सोचिरहेका छैनौँ।

# अठार घन्टापछि एकतर्फी खुला

**मधेशदृष्टि**
**मलेखु, १९ वैशाख।**
पृथ्वी राजमार्गअन्तर्गत धादिङको धार्केमा पुलको छेउमा जमिन भासिएर अवरुद्ध बनेको सडक एकतर्फीरूपमा खुलेको छ।

धुनीबेसी नगरपालिका-६ र थाक्रे गाउँपालिका-८ को सिमाना जोड्ने गणेशखोला पुलमाको जमि भासिँदा सोमबार अपराह्न ४ बजेदेखि ठप्प बनेको राजमार्ग मङ्गलबार बिहान १० बजेबाट एकतर्फी खुलाइएको हो। भासिएको ठाउँमा ग्याबियन जाली भरेर एकतर्फी सवारीसाधन सञ्चालनमा ल्याइएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायव उपरीक्षक सन्तुलालप्रसाद जैसवारले जानकारी दिए। नेपाल प्रहरी, नेपाली सेना र स्थानीयले रातभर पनि काम गरेका थिए।

यातायात ठप्प हुँदा धार्के र धार्के आसपासमा लागेको सवारी जाम हटाउन हम्मेहम्मे छ। पूर्व-पश्चिमका जिल्लाबाट रातिको समयमा धादिङ आइपुगेका सवारीलाई प्रहरीले चौकी र बजार क्षेत्र आसपासमा रोकेर राखेको छ। पूर्व-पश्चिमबाट राजधानी काठमाडौँ आउँदै गरेका सवारीलाई प्रहरीले धादिङको जोगिमारा, मलेखु, घाटबेँसी, आदमघाटलगायतका बजार र प्रहरी चौकी आसपासमा राखिएको छ। बाटो एकतर्फी खुलाइए पनि तत्कात सहजै बाटो पास गर्न कठिन छ। सयौँ सवारी सडकमा रोकिएकाले ती सवारसाधन पार गराउन अझै केही घन्टा लाग्ने प्रहरीको भनाइ छ।

# सीमा नाका मंगलबारदेखि बन्द हुने

**मधेशदृष्टि**
**लुम्बिनी, १९ वैशाख।**
नेपाल-भारत सीमा नाका मंगलबारदेखि बन्द हुने भएको छ। रुपन्देही जिल्लासँग सीमा जोडिएको नेपाल-भारत बेलहिया सहितका सीमा नाका मंगलबार बेलुकादेखि बन्द हुने भएका छन्। भारतको उत्तर प्रदेश महराजगञ्जमा २१ गते बिहीबार हुने निर्वाचनलाई लक्ष्य गरी नेपाल-भारत सीमानाका ४८ घन्टा अगाडिदेखि बन्द गर्न लागिएको हो। महराजगञ्ज जिल्लाको नगर निकाय निर्वाचन (स्थानीय निर्वाचन)लाई दृष्टिगत गर्दै रुपन्देहीको बेलहियासहितको नाका मङ्गलबार साँझ ६ बजेदेखि बन्द गरिने जिल्ला प्रशासन कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

निर्वाचनमा सुरक्षा संवेदनशीलताको कारणले गर्दा दुवै देशका सुरक्षा निकायको समन्वय तथा सहमतिमा नाका बन्द गर्न लागिएको हो। चुनावलाई लक्ष्य गरी मतदान समाप्त नभएसम्म बिहीबार बेलुका ६ बजेसम्म सीमानाका बन्द गरिने सहायक प्रमुख जिल्ला अधिकारी तथा सूचना अधिकारी रामचन्द्र अर्यालले जानकारी दिए।

सीमा बन्द भए पनि अत्यावश्यक कामका लागि आपसी सहमतिमा नाका खुल्ला गर्न सकिने जनाइएको छ। पेट्रोलियम पदार्थ, एम्बुलेन्स, शववाहन, दूध, हरियो तरकारी, भारत हुँदै तेस्रो मुलुकबाट आउने पर्यटकबाहेक अन्यको हकमा आवतजावत बन्द रहने उक्त विज्ञप्तिमा उल्लेख छ।

# आगलागीमा घर जलेर नष्ट

**रामजी यादव**
**वीरगंज, १९ वैशाख।**
पर्साको बहुदरमाई नगरपालिका-६ गम्हरियामा फुसको घरमा आगो लाग्दा पूर्णरुपले ध्वस्त भएको छ। गम्हरियाका मिरहासन मियां हजामको फुसको घरमा सोमबार बेलुका आगो लागेको हो।

आगो स्थानीय, सशस्त्र बेस क्याम्प बागेश्वरी त्रिऔनाका सुरक्षाकर्मी, प्रहरी चौकी डोकैलाका प्रहरीले निभाएका थिए। आगलागीमा सिलाइ मेसिन, साइकल, ग्यासचुलो, लत्ताकपडा, अन्नलगायत एक लाख पचास हजार रुपैयाँ बराबरको क्षति भएको हजामले बताए।

# तलब माग्दै सिडिओलाई ज्ञापनपत्र

**मधेशदृष्टि**
**बारा, १९ वैशाख।**
बाराको महागढीमाई नगरपालिकाका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकशिक्षिकाले तीनमहिनादेखि तलबभत्ता नपाएको भन्दै आन्दोलनमा उत्रिने चेतावनी दिएका छन्। मंगलबार बाराका प्रमुख जिल्ला अधिकारी (सिडिओ)लाई ज्ञापनपत्र बुझाउदै उनीहरुले सात दिनभित्र आफूहरुको तलबभत्ता निकासा नभए चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी दिएका हुन्। नेपाल शिक्षक संघ नगर कार्यसमितिका अध्यक्ष रामबाबु प्रसाद यादव र सचिव जितेन्द्र प्रसाद साहको नेतृत्वमा मंगलबार प्रशासन पुगेर शिक्षकशिक्षिकाले प्रमुख जिल्ला अधिकारी नवराज सापकोटालाई ज्ञापनपत्र बुझाएका हुन्। माघदेखि तलबभत्ता र गत शैक्षिक सत्रको पोशाक भत्ता नपाएकाले नगरपालिका मातहतका सम्पूर्ण सामुदायिक विद्यालयका शिक्षकशिक्षिका मारमा परेको अध्यक्ष यादवले बताए। महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र प्रसाद यादवले तीन महिनादेखि नगरपालिका प्रमुख प्रशासकीय अधिकृतविहीन हुँदा समस्या खेपिरहेको बताए।

# डोरहाजिरीमा इन्जिनियर नियुक्ति तयारी

**मधेशदृष्टि**
**राजविराज, १९ वैशाख।**
सप्तरीको राजविराज नगरपालिकामापुनः तोकआदेशकै भरमा कर्मचारी भर्ना गर्न लागिएको पाइएको छ। जनप्रतिनिधि र कर्मचारीको मनोमानी कायमै रहेको नगरपालिकामा खुला प्रतिस्पर्धा नै नगराई तोकआदेशका भरमा कर्मचारी भर्ना गर्न लागिएको हो।

पछिल्लो पटक राजविराज नगरपालिका-१ का मो.फिरोज अलीलाई इन्जिनियर पदमा भर्ना गर्न लागेको कर्मचारी स्रोतले जानकारी दियो। 'पदपूर्तिका लागि विज्ञापन आह्वान नै नगरी नाता गोतालाई दैनिक डोर हाजिरीका नाममा विना प्रतिस्पर्धा भर्ती गर्नु सरासर गलत हो,' कर्मचारी स्रोतले भन्यो, 'यस्तोमा भर्ना गर्न लागिएका कर्मचारी योग्य छन्/छैनन् भन्ने यकिन समेत नहुने भएकाले काम हुनेभन्दा आर्थिक भार मात्रै पर्ने देखिन्छ।' नगरपालिकामा मेयरमा निर्वाचित भीमराज यादवविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेपछि उनी निलम्बित छन्। कार्यवाहक मेयर इसरत परविनले आफू खुशी कर्मचारी भर्ना गर्न लागेका हुन्।उसो त यसअघि पनि नगरपालिकामा मनमौजी ढंगले आधा दर्जन कर्मचारी भर्ना भइसकेका छन्। असोज ४ गते राजविराज नगरपालिका-१ की इशा परविण, ९ गते मोहम्मद सलाउद्दिन र असोज ११ गते राजविराज नगरपालिका-२ का हरिनारायण साहलाई डोर हाजिरीमा नियुक्ति दिइएको छ। निशालाई दैनिक १ हजार ९६ रुपैयाँ तलब दिने गरी कम्प्युटर अपरेटरमा नियुक्त गरिएको भने सलाउद्दिनले दैनिक ७ सय रुपैयाँ दिने गरी कार्यालय सहयोगी र हरिनारायणले दैनिक १ हजार १ सय ५७ रुपैयाँ दिने गरी सहायकस्तरको पाँचौं तहमा नियुक्ति पाएर तलब खाइरहेका छन्।प्रशासन शाखा प्रमुख रामचन्द्र दासले मो.फिरोजले नियुक्ति पाउन निवेदन दिएको स्वीकार गरे। 'कामको चाप बढी रहेकोले एक जना इन्जिनियर भर्ना गर्न कार्यबाहक मेयर सा'बको कुरा थियो, मो.फिरोजको निवेदन देखेँ तर औपचारिकरुपमा मसमक्ष आइसकेको छैन,' उनले भने, 'निवेदनमा हाकिम सा'बले तोक लगाउनुभएको छ तर अहिले नियुक्ति पाइसकेका छैनन्।' नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धर्मानन्द जोशीले जानकारी नै नरहेको प्रतिक्रिया दिए। नगरपालिकाका प्रवक्ता जयनारायण मण्डलले डोर हाजिरीमा कर्मचारी नियुक्त गर्न लागेको जानकारी नरहेको बताए।

# संगीतकार सहनीलाई सांस्कृतिक रत्न पुरस्कार

**मधेशदृष्टि**
**जनकपुरधाम, १९ वैशाख।**
विश्व नृत्य दिवसका अवसरमा नेपाल चलचित्र तथा नृत्य संघले विभिन्न रचनाकारलाई 'राष्ट्रिय चलचित्र सांस्कृतिक रत्न पुरस्कार' प्रदान गरेको छ। नेपाल चलचित्र तथा नृत्य संघले उत्कृष्टताका आधारमा हरेक वर्ष दिने 'राष्ट्रिय चलचित्र सांस्कृतिक रत्न सम्मान २०८०' दिग्गज संगीतकार सन्तोषराज सहनीलाई प्रदान गरिएको छ।

सहनीले मधेश प्रदेशमा दुई दर्जनभन्दा बढी सांस्कृतिक कार्यक्रम गरेका छन्। ४ सय गीतमा संगीत दिएका छन् भने दुई दर्जन नेपाली र भोजपुरी फिल्म रिलिज गरिसकेका छन्। सहनी धनुषाको कमला नगरपालिकाका बासिन्दा हुन्। चलचित्र नृत्य संघका अध्यक्ष जनकबहादुर कार्कीको अध्यक्षतामा काठमाडौंमा आयोजित कार्यक्रममा पूर्वप्रधानमन्त्री झलनाथ खनाल प्रमुख अतिथि थिए। सांस्कृतिक रत्न पुरस्कार पाएको आम जनता पार्टीका राष्ट्रिय अध्यक्ष प्रभु साह, मौलापुर नगरपालिकाकी मेयर रिना कुमारी साहलगायतका विभिन्न व्यक्तित्वले सहनीलाई बधाई दिएका छन्।

# विश्व खाद्य कार्यक्रमले सुडानमा पुनः काम थाल्यो

**न्युयोर्क।** संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी)ले युद्धग्रस्त सुडानमा पुनः सेवा प्रवाह थालेको छ। गत महिनाको मध्यदेखि प्रारम्भ भएको भीषण युद्धका कारण स्थगन भएका डब्ल्युएफपी कार्यक्रम पुनः सञ्चालन गरिएका हुन्।

संयुक्त राष्ट्रसङ्घका अनुसार युद्धका कारण प्रभावित भएका तथा त्यसबाट भोखमरी उत्पन्न हुनसक्ने ज सुडानको जटिल अवस्थालाई दृष्टिगत गरी डब्ल्युएफपीले आफ्ना कार्यक्रम अस्थायी रूपमा सञ्चालन गरेको हो।

खाद्यान्न वितरणका निम्ति स्थगन गरिएका कार्यक्रम हाललाई अस्थायी रूपमा सञ्चालन हुनेछन्। सुडानी सेना र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ)बीच गत एप्रिल १५ देखि शुरु भएको भीषण युद्धको पहिलो दिन डब्ल्युएफपीका तीन जना कर्मचारी उत्तरी डार्फुरमा मारिएपछि डब्ल्युएफपीले आफ्ना सबै गतिविधि रोकेको थियो।

डब्ल्युएफपीका कार्यकारी निर्देशक सिन्डी म्याक्केनले युद्ध शुरु हुनु अगावै चरम खाद्यान्न अभाव भेल्ने अवस्थामा पुगेका करिब एक करोड ५० लाख सुडानीलाई खाद्य सहयोग आवश्यक रहेको बताउँदै द्वन्द्वका बीच पनि डब्ल्युएफपीले सुडानका चार प्रान्तमा खाद्यान्न वितरण गर्ने जानकारी दिएका छन्। द्वन्द्व जारी रहेमा खाद्य सङ्कटको मारमा अझ धेरै नागरिक पर्ने चेतावनी पनि उनले दिएका छन्। चार करोड असी लाख जनसंख्या भएको सुडान अफ्रिका महादेशको तेस्रो ठूलो जनघनत्व भएको देश हो।

'युद्ध चर्कनुअघि नै एक करोड ६० लाख सुडानी मानवीय सहायताको आशाम बसेका थिए, डार्फुरबाट मात्र करिब ३७ लाख पलायन भएका छन्,' सुडानमा बढ्दै गएको मानवीय सङ्कटप्रति चिन्ता व्यक्त गर्दै कार्यकारी निर्देशक म्याक्केनले आज जारी गर्नुभएको वक्तव्यमा भनिएको छ। सुडान युद्धमा करिब पाँच सय ५० जनाले ज्यान गुमाएका तथा झण्डै पाँच हजार घाइते भएका संयुक्त राष्ट्रसङ्घीय निकायहरूले बताएका छन्। दुई लाखभन्दा बढी सुडानी देशबाट बाहिरिएका छन्।

# 'युक्रेन युद्धमा एक लाख रुसी मारिए'



**वासिङ्टन।** युक्रेन युद्धका कारण गत डिसेम्बर यता एक लाख रुसी मारिएका अमेरिकाले जनाएको छ। ह्वाइट हाउसका अनुसार उक्त अवधिमा २० हजार रुसी सैनिकसहित एक लाख जनाले ज्यान गुमाएका हुन्

युक्रेनी सेनाले पूर्वी क्षेत्रमा भएको रुसी आक्रमणको प्रतिकारमा रुसले अधिक क्षति व्यहोरेको अमेरिकी राष्ट्रिय सुरक्षा परिषद् सल्लाहकार जोन किर्बीले नियमित पत्रकार सम्मेलनमा बताएका हुन्। पूर्वी डोनेट्स्क क्षेत्रमा भीषण युद्ध भएको तथा युक्रेनी सेनाको सामना गर्दै रुसले बाख्मुट सहरलाई आफ्नो नियन्त्रणमा लिन सङ्घर्ष गरिरहेको छ।

अमेरिकी गुप्तचर निकायबाट प्राप्त सूचनाका आधारमा सल्लाहकार किर्बीले रुसले व्यहोरेको उक्त क्षतिको जानकारी दिएका भए पनि हताहतीको उक्त विवरणको आधारबारे स्पष्ट गरेका छैनन्। गत नोभेम्बरमा अमेरिकी सेनाका एक जना वरिष्ठ अधिकारीले रुसमा एक लाखभन्दा बढीले ज्यान गुमाएका वा घाइते भएका बताएका थिए। रुसले व्यहोरेको पछिल्लो क्षतिबाट मस्को दबाबमा परेको देखिएको छ।

सल्लाहकार किर्बीका अनुसार मारिएकामध्ये करिब आधा भाडाका सैनिक वाग्नर समूहका हुन्। उनीहरूलाई युद्धमा सहभागी हुन कारगारबाट मुक्त गरिएको थियो। उनीहरू बिना प्रशिक्षण युद्धमैदानमा पुगेका थिए। केही विश्लेषकहरूले बाख्मुटलाई नियन्त्रणमा लिनु रुसका निम्ति महत्वपूर्ण छ किनकी डोनेट्स्क क्षेत्रको क्रामाटोर्स्क र स्लोभियान्स्कका ठूला सहरमा अगाडि बढ्ने प्रयासमा रुसलाई सहज हुनसक्छ।

# कबड्डीमा सुदूरपश्चिमलाई लगातार सात स्वर्ण



**महेन्द्रनगर।** खेलाडीहरुको लगन र नियमित प्रशिक्षणकै कारण केन्द्रस्तरीय राष्ट्रपति रनिङ शिल्ड छात्रा कबड्डीमा सातौँ पटक सुदूरपश्चिमले स्वर्ण जितेको छ। सोमबार राष्ट्रपति रनिङ शिल्डको १३औँ संस्करणमा बागमती प्रदेशलाई फाइनलमा पराजित गर्दै सुदूरपश्चिमको छात्रा कबड्डीको उपाधि जितेको हो। सुदूरपश्चिम कबड्डी टोलीका प्रशिक्षक विष्णुदत्त भट्टले सुदूरपश्चिमको छात्रा टोलीले लगातार सातौँ पटक केन्द्रस्तरीय रनिङ शिल्डमा उपाधि जितेको बताए।

'मुख्य कुरो त नियमित प्रशिक्षण नै हो।' कबड्डी प्रशिक्षक भट्टले भने, 'सुदूरपश्चिमको कबड्डीले आफूलाई विगतदेखि अहिलेसम्म अब्बल साबित गर्दै आएको छ।' सुदूरपश्चिमको नौ सदस्यीय छात्रा कबड्डी टोलीको कप्तानी कञ्चनपुरको भीमदत्त नगरपालिका-३ कासिर्जनासुनारले सम्हालेको प्रशिक्षक भट्टको भनाइ छ। केन्द्रस्तरीय रनिङ शिल्डको सुदूरपश्चिम प्रदेशस्तरीय छनोटमा कञ्चनपुरको छात्रा टोलीले उपाधि जितेको थियो। 'अहिले पनि सुदूरको टोलीमा चारजना छात्रा कञ्चनपुरका थिए', उनले भने, 'छात्रतर्फ भने सुदूरपश्चिमले काश्य पदक जितेको छ।'

त्यसैगरी, कञ्चनपुर जिल्ला कबड्डी सङ्घका उपाध्यक्ष रमेशचन्द्र ओझाले कबड्डी राष्ट्रिय टोलीमा बढीजसो सुदूरकै रहेको बताए। 'पहिलेदेखि नै यहाँ दश जनशक्तिबाट नियमित प्रशिक्षणकै कारण आज खेलाडीहरु उत्कृष्ट प्रदर्शन गरिरहेका छन्', उनले भने, 'यहाँ प्रदेश सरकारबाट प्रशिक्षण केन्द्र निर्माण पनि भएकाले सहज भयो।' उनले विभिन्न विभागीय टोलीहरुमा रहेकामध्ये ८० प्रतिशत कञ्चनपुरबाट उत्पादन भएका खेलाडीहरुको वर्चस्व रहेको दाबी गरे।

# हराएका किशोरीको खोजी गर्दा सात शव भेटिए



**हेन्रीएटा।** ओक्लाहोमामा हराएका किशोरीको खोजीका क्रममा सात जनाका शव भेटिएका छन्।

ओक्लाहोमा सहरबाट एक सय ४५ किलोमिटर पूर्वमा अवस्थित हेन्रीएटा सहरमा गरिएको खोजतलासका क्रममा सात जनाको शव भेटिएको अनुसन्धान अधिकारीहरूले बताएका छन्।

ओक्लाहोमा राज्यको अनुसन्धान कार्यालयका प्रवक्ता जेराल्ड डेभिडसनले चिकित्सा परीक्षणबाट मृतको परिचय खुल्ने बताउँदै हराएका किशोरी पनि ती मृतकको समूहमा भएनभएको जानकारी परीक्षणपछि मात्र ज्ञात हुने जनाएका छन्। मृतकहरूको परिचय सार्वजनिक गरिएको छैन। चौध वर्षीया आइबी वेबस्टर र १६ वर्षकी ब्रिटनी ब्रुवर हराएकाले उनीहरूको खोजबिनका लागि सोमबार जारी गरिएको 'खोजीको सूचना' सोमबार अपराह्न ओक्लाहोमा राज्यमार्ग गस्तीले रद्द गरेको छ। बेवस्टर र ब्रुवरलाई यौन अपराधमा कारगारबाट छुटेका जेसी म्याकफडेनसँग यात्रामा रहेको देखिएको थियो। बलात्कारमा दोषी उनी सन् २०२० को अक्टोबरमा रिहा भएका थिए।

# विराटनगरमा अन्तर्राष्ट्रिय खुल्ला कराँते प्रतियोगिता




**मोरङ।** विराटनगरमा अन्तर ीष्ट्रिय खुल्लास्तरीय कराँते च्याम्पियनसीप-२०८० आयोजना हुने भएको छ। विराट कराँते क्लबको आयोजनामा वैशाख २२ र २३ गते प्रतियोगिता विराटनगरको शहीद रङ्गशालामा सञ्चालन हुनेछ।

प्रतियोगितामा छिमेकी मुलुक भारतका साथै मधेश तथा कोशी प्रदेश, मोरङ, सुनसरी झापा, तेह्रथुमका गरी दुई सय खेलाडी सहभागी हुने क्लबका अध्यक्ष बिमल पोखरेलले जानकारी दिए। राष्ट्रको लागि खेलकूद, राष्ट्रिय एकता, नैतिकता कायम राख्न एवं खेलकुदको माध्यमबाट भाइचारा सम्बन्ध स्थापित गर्ने उद्देश्यले आयोजित प्रतियोगितामा १९ स्वर्ण १९ रजत र ३८ काश्यमा गरी १९ तौल समूह प्रतिस्पर्धा हुने पूर्वाञ्चल क्षेत्रीय खेलुकद विकास समितिका प्रमुख सोभित प्रसाईंले बताए। प्रतियोगितामा रु पाँच लाख ४५ हजार खर्च हुने अनुमान गरिएको छ भने उत्कृष्ट खेलाडीलाई नगद पुरस्कारसमेत व्यवस्था रहेको कराँते महासङ्घ मोरङका अध्यक्ष रुपेश बरालले बताए।

# सीमा क्षेत्रमा शान्तिसुरक्षा कायम गर्न भारत र चीन सहमत



**नयाँदिल्ली।** आफ्नो सीमा क्षेत्रमा शान्ति, सुरक्षा र स्थायित्व कायम गर्न भारत- चीन सहमत भएका छन्। भारत र चीनबीच हालै चीनको चुसुल मोल्दोमा भएको १८ औँ चरणको सैन्य वार्तामा उक्त सहमति भएको हो।

भारत र चीन वास्तविक नियन्त्रण रेखा (लाइन अफ कन्ट्रोल) को पश्चिमी क्षेत्रको भूमिमा सुरक्षा र स्थायित्व कायम गर्न सहमनत भएका हुन्। दुवै देशले निकट सम्पर्कमा रहने, सैन्य एवम् कूटनीतिक माध्यमबाट वार्तालाई निरन्तरता दिन तथा समाधान गर्न बाँकी सबै मुद्दा पारस्परिक सहमतिमा निरुपण गर्ने प्रतिबद्धता जनाएका छन्।

'पश्चिमी क्षेत्रको लाइन अफ कन्ट्रोलसँग सम्बन्धित विवाद समाधान गर्न दुवै पक्षबीच गहन छलफल भएको छ, सीमा क्षेत्रमा शान्ति स्थापना गर्ने तथा पारस्परिक सम्बन्धलाई अझ सुदृढ बनाउने सहमति भएको छ,' बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ। पाँच महिनाको अन्तरालमा चीन र भारतका सैन्य अधिकारीबीच उक्त बैठक भएको हो। दुवै देशका लेफ्टिनेन्ट जनरलले नेतृत्व गरेको उक्त बैठकमा चीन र भारतका उच्च सैनिक अधिकारीको सहभागिता थियो।

# पोखरामा मुआथाई मार्शल आर्टको समर क्याम्प सुरु



**गण्डकी।** पोखरामा मुआथाई मार्शल आर्टको समर क्याम्प सुरु भएको छ। पाँच हप्ते लामो क्याम्पमा विभिन्न विद्यालयका एक सय १८ विद्यार्थी सहभागी छन्। ती मध्ये ५२ जना अन्य मार्सल आर्ट खेलसँग सम्वद्ध रहेको मुआथाईका अन्तर्राष्ट्रिय प्रशिक्षक एवम् कार्यक्रम संयोजक खगेन्द्र क्षेत्रीले जानकारी दिए।

उहाँसहित ज्ञानेन्द्र सिंह, अनिश बुढामगर, सुष्मा चौधरी, अर्मान गुरुङ र आयुष गुरुङले निःशुल्करूपमा सहभागीहरूलाई प्रशिक्षण दिनेछ। प्रशिक्षक क्षेत्रीले निःशुल्क टिसर्ट, पानीको बोतल, झोला र किट्स सहभागीलाई निःशुल्क प्रदान गरेका छन्। क्याम्पलाई नेपाल मुआथाई सङ्घ गण्डकी प्रदेश र नेपाल राष्ट्रिय मुआथाई सङ्घको सहयोग एवम् समन्वय रहेको छ। थाइल्याण्डबाट सुरु भएको यो खेल हाल विश्वभर फैलिएको छ। तेह्रौं शताब्दीमा युद्धकला सिक्न सुरु भएको मुआथाईलाई १८औं शताब्दीमा तत्कालीन राजाहरूले खेलकोरूपमा विकास गरेका थिए।

विश्वकै पहिलो प्राथमिकताको मार्शल आर्ट खेलकोरूपमा विकास भएको र यसबाट थाइल्याण्डको अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव परेको बताइन्छ। विश्वका सयौँ मार्शल आर्ट खेलाडी यो खेल सिक्न थाइल्याण्ड पुग्ने गरेका छन्। नेपालमा पछिल्ला समयमा विस्तारै यो खेलको विकास हुँदै आएको छ। उक्त क्याम्प शुभारम्भ गर्दै गण्डकी प्रदेशसभा सदस्य प्रकाश बरालले यसबाट विद्यार्थीभित्रको अन्तर्निहित खेल क्षमता उजागर गर्न सहयोग पुग्ने बताए।

आत्मरक्षा र खेल विकासका लागि समेत क्याम्प उत्तिकै महत्वपूर्ण रहने बताउँदै उहाँले निःशुल्करूपमा आयोजित यस प्रशिक्षणलाई अन्य खेलकुद सम्वद्ध संस्थाले समेत आत्मसात गर्नुपर्नेमा जोड दिए। खेलकुदका प्रदेश निर्देशक कृष्ण तिमिल्सिना, सिनियर मार्शल आर्ट प्रशिक्षक शिव गुरुङलगायतले खेलको महत्वबारे चर्चा गरेका थिए।

# सात आतंकवादी पक्राउ



**इस्लामावाद।** पाकिस्तानी सेनाले आतङ्कवादीविरुद्ध उत्तरपश्चिमी पाकिस्तानको वजिरिस्तानमा गरेको खोजतलासको कारबाहीमा सात जना पक्राउ परेका छन्। गुप्तचर सूचनामा आधारित खोजतलासका क्रममा सेनाले उत्तरी वजिरिस्तानको मिरान शाह क्षेत्रबाट उनीहरूलाई नियन्त्रणमा लिएको पाकिस्तानी सेनाको सञ्चार विभाग (आइएसपिआर)ले जनाएको छ। आतङ्ग्वादी समूह ताहरिक ए तालिवान पाकिस्तानका कमाण्डर लालालगायत पक्राउ परेका आइएसपिआरको विज्ञप्तिमा जनाइएको छ।

सुरक्षा फौज र सर्वसाधारणलाई लक्षित गरेर उक्त समूहले धेरै स्थानमा आतङ्कवादी गतिविधि सञ्चालन गर्दै आएको थियो। सुरक्षा निकायले उक्त समूहका सदस्यलाई खोजीको सूचीमा राखेर लामो सयमदेखि खोजतलास गर्दै आएको थियो। सोमबार आतङ्कवादी पक्राउ परेकामा सुरक्षा बलको सराहना गर्दै स्थानीय बासिन्दाले देशबाट आतङ्कवादलाई परास्त गर्न सेनालाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

# जसपाले छिट्टै मन्त्रीको नाम टुंग्याउने

**मधेशदृष्टि**
**वीरगंज, १९ वैशाख ।**
बारा निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य उपेन्द्र यादवले पद तथा गोपनीयताको शपथ लिएका छन् । जनता समाजवादी पार्टीका अध्यक्षसमेत रहेका यादवलाई सभामुख देवराज घिमिरेले मंगलबार संसद्को कानुन न्याय तथा मानवअधिकार समितिको कक्षमा शपथ गराएका हुन् ।

यादव वैशाख १० गते भएको प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनमा निर्वाचित भएका हुन् । उपनिर्वाचनमा तनहुँ-१ र चितवन-२ बाट निर्वाचित स्वर्णिम वाग्ले र रवि लामिछानेले भने यसअघि नै शपथ लिइसकेका छन् ।

यसैबीच, जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष यादवले नेपालको आर्थिक विकास र समृद्धिका लागि सरकारको स्थायित्व जरुरी रहेको बताएका



छन् । सिंहदरबारमा मंगलबार प्रतिनिधिसभा सदस्यको शपथ ग्रहणपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै अध्यक्ष यादवले सरकारको स्थिरता लोकतन्त्रको विकासका लागि पनि महत्वपूर्ण हुने उल्लेख गरे ।फरक प्रसङ्गमा अध्यक्ष यादवले सरकारमा बाँकी मन्त्रिमण्डलले चाँडै पूर्णता पाउने विश्वास व्यक्त गरे । उनले पार्टीबाट कसको नेतृत्वमा सरकारमा सहभागी हुने भन्नेबारे छिट्टै निर्णय गरिने जानकारी दिए । उनले अहिलेको अवस्थामा वृहत् राष्ट्रिय समझदारीको आधारमा सरकारको स्थायित्व र आर्थिक विकासतर्फ मुलुकलाई अघि बढाउनु पर्ने कुरामा जोड दिँदै राजनीतिक अस्थिरता रहिरहे र सरकार चाँडो-चाडो बदलिए विकास र प्रणालीमाथि पनि असर पर्ने दावी गरे । उनले संसदीय प्रक्रियामा संसदीय समितिको महत्वपूर्ण भूमिका रहने भएकाले समितिमा पार्टीको तर्फबाट सक्रिय भूमिका हुने बताए ।

# व्यवसाय दर्ता गर्ने बढे




**मधेशदृष्टि**
**वीरगंज १९ वैशाख ।**
वीरगंज महानगरपालिकामा व्यवसाय दर्ता गर्नेको संख्या वृद्धि भएको छ ।

जुनसुकै व्यवसाय विनादर्ता सञ्चालनमा कडाइ गरेपछि दर्ता गर्नेको संख्या वृद्धि भएको महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेलले बताए । व्यवसाय दर्ता महानगरका लागि दिगो आयस्रोत भएको र यसले राष्ट्रिय राजश्वमा समेत महत्वपूर्ण भूमिका खेल्ने भएकाले जुनसुकै व्यवसाय सञ्चालन गर्न महानगरमा दर्ता अनिवार्य गरिएको उनले बताए ।

आर्थिक वर्ष २०७५/७६ मा ४ हजार ३ सय ७७ व्यवसाय दर्ता भएकामा चालु आर्थिक वर्ष २०७९/८० को वैशाख १५ गतेसम्ममा यो संख्या ५० प्रतिशतले बढेर ६ हजार ५ सय ८३ पुगेको महानगरको तथ्यांकले देखाएको छ । पछिल्लो ४ वर्षमा व्यवसाय गर्नेको संख्या २ हजार २ सय ६ थपिएको छ ।

व्यवसाय दर्ता प्रभावकारी बनाउन महानगरपालिकाले छुट्टै टोली परिचालन गरेको छ । स्थलगतरुपमै पुगेको टोलीले उद्योग तथा पसल पुगेर व्यवसाय नवीकरण तथा नयाँ दर्ता गर्ने गरेको छ । व्यवसाय दर्ताको संख्या बढेसँगै राजश्व संलकनमा समेत वृद्धि भएको छ ।

गत आर्थिक वर्षमा १ करोड ८४ लाख रुपैयाँ राजश्व संकलन भएकामा चालु आर्थिक वर्षको वैशाख १५ गतेसम्ममा २ करोड १४ लाख रुपैयाँ संकलन भइसकेको महानगरका राजश्व शाखा प्रमुख मनोज कुमार कर्णले जानकारी दिए । यसमा व्यवसाय करको हिस्सा औसतमा ५ प्रतिशत भन्दा बढी रहेको उनले बताए ।

# नागरिकता फाँटको सेवा केही दिन बन्द

**मधेशदृष्टि**
**सर्लाही, १९ वैशाख ।**
जिल्ला प्रशासन कार्यालय सर्लाही, मलंगवामा आगलागी हुँदा केहीदिन सेवा बन्द हुने भएको छ । विद्युत सर्ट भई आगलागी हुँदा नागरिकता प्रतिलिपि फाँटका कम्प्युटर, प्रिन्टर,स्क्यानरलगायतका विद्युतीय उपकरण जलेर नष्ट भएका छन् । मंगलबार बिहान करिब ५:४० बजेतिर विद्युत सर्ट भई आगलागी भएको जिल्ला प्रशासन कार्यालय सर्लाही मलंगवाले जनाएको छ । आगलागी भई धुवाँमाथि जाँदा ड्युटीमा बसेका सुरक्षाकर्मीले देखेका थिए । तत्कालै सुरक्षाकर्मी आइ आगो निभाउँदा थप क्षति हुन रोकिएको हो । छेउमै रहेको बारुण यन्त्र, सुरक्षाकर्मी र कार्यालयका कर्मचारीको सहयोगमा आगो नियन्त्रणमा आएको हो । आगो नियन्त्रण गर्ने क्रममा राहदानी शाखाको कम्प्युटरमा समेत क्षति पुगेको छ । नागरिकता प्रतिलिपि फाँटका कम्प्युटर, प्रिन्टर लगायतका उपरकण जलेर नष्ट भएपछि अर्को सूचना नहुञ्जेलसम्मका लागि सेवा बन्द गरिएको छ । आगोले शाखामा रहेको स्रेस्ता र



सर्भरमा प्रविष्ट भएको तथ्याङ्कमा कुनै क्षति नभएको कार्यालयले जनाएको छ ।

# वडाध्यक्षद्वारा शैक्षिक सामग्री सहयोग

**मधेशदृष्टि**
**वीरगंज, १९ वैशाख ।**
वीरगंज महानगरपालिका वडा नम्बर ३० का वडाध्यक्ष मनोज कुमार यादवले आफ्नो वडामा रहेका तीन वटै सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई पाँच वर्षसम्म निःशुल्क शैक्षिक सामग्री उपलब्ध गराउने घोषणा गरेका छन् । घोषणासँगै यादवले वडा नम्बर ३० को लालपर्सास्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय, प्रसुतिपुरमा नेपाल राष्ट्रिय प्राथमिक विद्यालय र मुस्लिम समुदायका बालबालिका पढ्ने इस्लामिया मदर्सामा अध्ययनरत १ हजार २ सय विद्यार्थीलाई कपी, कलम, स्कुल ब्याग उपलब्ध गराए । गरिब तथा विपन्न विद्यार्थी पढने विद्यालयमा सरकारले किताब र पोशाक निःशुल्क उपलब्ध गराउदै आएको भए पनि कपी, कलम, स्कुल ब्याग नहुँदा विद्यार्थी प्रभावित भएको भेटेपछि आफ्नो कार्यकालभरिका लागि वडाका विद्यार्थीलाई आवश्यक शैक्षिक सामग्री निःशुल्क उपलब्ध गराउने घोषणा गरेको यादवले बताए । मंगलबार आयोजित शैक्षिक सामाग्री वितरण कार्यक्रममा वडा सदस्य सयदा खातुन, जंगबहादुर राउत, न्यु नमूना युवा क्लबका अध्यक्ष गगन राउत अहिर, समाजवादी युवा संघका जिल्ला सदस्य विकास मण्डल, सुजित ठाकुरलगायतको उपस्थिति थियो ।

# पिपरामठमा महाआरतीको तयारी

**मधेशदृष्टि**
**वीरगंज, १९ वैशाख ।**
नर्सिंह भगवान पिपरामठ मन्दिर संरक्षण समितिद्वारा भगवान नर्सिंगको जन्मउत्सवको अवसरमा आयोजना गरिने महाआरतीको व्यापक तयारी भएको छ । नर्सिंह भगवान पिपरामठ मन्दिर संरक्षण समितिद्वारा मंगलबार आयोजित पत्रकार सम्मेलनमा वैशाख २१ गते मठमा हुने वृहत शोभायात्रा र महाआरतीलाई भव्यरुपमा सम्पन्न



गर्ने जनाइएको छ । मठ संरक्षण समितिका अध्यक्ष राम प्रवेश पटेलसहित स्थानीय समाजसेवीको सहभागितामा सम्पन्न पत्रकार सम्मेलनमा पिपरामठको धार्मिक, पौराणिक महत्वलाई राष्ट्रिय, अन्तर्राष्ट्रियरुपमा महाआरती गर्न लागिएको पत्रकार सम्मेलनमा जानकारी दिइएको थियो ।

महाआरती कार्यक्रममा सहभागी हुन नगरवासी तथा बारा, पर्साका स्थानीयलाई समितिले आग्रह गरेको छ । पिपरा मठ क्षेत्रको रंगरोगन र सरसफाइ भइरहेको छ ।

# रविका सवारी चालकको निधन

**मधेशदृष्टि**
**वीरगंज, १९ वैशाख ।**
चुनाव प्रचारप्रसारका बेला चितवनमा रहँदा घरको छतबाट खसेर घाइते भएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेका गाडी चालक दिलबहादुर थापा (शम्भु) को उपचारका क्रममा निधन भएको छ ।

उनको उपचारका क्रममा मंगलबार दिउँसो १:३५ बजे निधन भएको मेडसिटी अस्पतालले जनाएको छ । सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-३ घर भएका ३९ वर्षीय शम्भु भनिने दिलबहादुर थापा वैशाख ४ गते बिहान ४ बजे चितवनमा घरको छतबाट तल भुइँमा खसेको अवस्थामा भेटिएका थिए ।

उनलाई चितवनकै पुरानो मेडिकल कलेजमा उपचारपछि थप उपचारका लागि हेलिकोप्टरबाट ललितपुरको मेडिसिटी अस्पतालमा ल्याइएको थियो । रास्वपाका महामन्त्री मुकुल ढकालका सवारी चालक कालुराम राजवंशीसँगै राति छतमा सुतेका थापा छतबाट खसेका थिए । उनी कसरी खसे भन्ने बारेमा प्रहरीले अनुसन्धान गरिरहेको छ ।

# अस्थायी इजलाशमा कानुन व्यवसायीको धर्ना




**मधेशदृष्टि**
**वीरगंज, १९ वैशाख ।**
वीरगंजका कानुन व्यवसायीले भ्रष्टाचारमुक्त न्यायपालिकालगायत विभिन्न माग राखेर मंगलबार तेस्रो दिन पनि उच्च अदालत जनकपुर अस्थायी इजलाश वीरगंजमा धर्ना दिएका छन् ।

न्यायपालिका स्वतन्त्र बनाउन, न्यायपालिकाभित्र देखिएका भ्रष्टाचार अन्त्य गर्न आन्दोलनमा उत्रिएको उच्च अदालत बार एसोसिएसन वीरगंजका अध्यक्ष विशाल चौधरीले जानकारी दिए । अदालतमा पछिल्लो समयमा देखिएको बेथिति तथा भ्रष्टाचारकै कारण आमजनताले न्याय पाउनमा निकै कठिनाइ भएको नेपाल बार एसोसियसन वीरगंजका उपाध्यक्ष मीनबहादुर श्रेष्ठले बताए ।

आन्दोलनकै कारण प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरालाई पनि महाअभियोग लगाउन सफल भएको उनले बताए । उनका अनुसार, जबरालाई महाअभियोग लागेर पदमुक्त भएपनि अदालतमा भ्रष्टचार, बेथितिले भने जरा गाडेर नै बसेको छ । न्यायालयमा नै भ्रष्टाचार हुनु गम्भीर विषय भएको भन्दै यसको अन्त्य हुनुपर्ने कानुन व्यवसायीको अडान छ ।

उपाध्यक्ष श्रेष्ठले आफूहरुको माग ७ दिनभित्र समुचित रुपले सम्बोधन नभए आन्दोलनले नयाँ रुप लिने चेतावनी दिए । कानुन व्यवसायीले स्वतन्त्र न्यायपालिकाको रक्षा गरौं, प्रधानन्यायाधीशको नियुक्ति अविलम्ब गर्नुपर्ने, न्यायपालिकाभित्रको भ्रष्टाचार, विकृति विसंगति अन्त्य गर, पूर्ण स्वचालित पेशी व्यवस्थापन प्रणाली लागू गर्नुपर्ने, सर्वोच्च अदालतलगायत सबै तहका अदालतमा रिक्त न्यायाधीश यथाशीघ्र नियुक्ति, संवैधानिक परिषद्को बैठक अविलम्ब बोलाउनुपर्ने, संसदीय सुनुवाइ समिति गठन गर्नुपर्नेलगायत माग राखेका छन् ।

# सूचनाको युग र बैंकिङ क्षेत्रबारे अन्तरसम्वाद




**मधेशदृष्टि**
**वीरगंज, १९ वैशाख ।**
सुरक्षित सूचना प्रविधि, सुशासन र समृद्धि भन्ने मूल नारासहित राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०२३ का अवसरमा कम्प्युटर एसोसिएसन नेपाल महासंघ, पर्साले बैंकिङ क्षेत्रमा यसको भूमिकासम्बन्धी अन्तरसंवाद गरेको छ ।

वीरगंजको ग्लोबल बिजनेस कलेजमा आयोजित कार्यक्रममा स्रोत व्यक्तिका रुपमा कर्पोरेट डेभलप्मेन्ट बैंकका प्राविधिक विशेषज्ञ अरविन्दकुमार चौरसियाले बैंकिङ्ग क्षेत्रमा सूचना, प्रविधिको महत्व र उपयोग दिनप्रतिदिन बढी रहेकाले अवसर, उपयोगिताका साथै चुनौती र अप्ठ्यारालाई समयसापेक्ष बुझ्ने गरी अघि बढ्न सकिएन भने सूचनाले सकारात्मक प्रभाव पार्नुका सट्टा नकारात्मक प्रभाव पर्न जानेबारे सहभागीलाई सचेत गराएका थिए ।

सूचना एउटा शक्तिका रुपमा समेत रहेकाले सूचना प्रविधिका बहुआयामिक पक्षबारे दफावार रुपमा सहभागीलाई जानकारी गराइएको एसोसिएसनका पर्सा अध्यक्ष प्रशान्त कुमारले बताए । बदलिँदो वैश्विक युगमा सूचना र प्रविधिको बढ्दो महत्व र उपादेयतालाई जनस्तरसम्म पुऱ्याउने अभिप्रायले गरिएको अन्तरसंवादमा बैंकिङ्ग क्षेत्रका कर्मचारी तथा कलेजमा अध्ययनरत छात्रछात्रा, कलेजका प्रधानाध्यापक श्रीराम कुमार दास, प्रबन्ध निर्देशक ओमप्रकाश श्रेष्ठ, लेखा प्रमुख अशोक सर्राफ, क्यान पर्साका कार्यसमिति सदस्य राकेश साह लगायतको उपस्थिति थियो ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.–२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन